पत्रिका
समयमा नपुगेमा
मोबाइल नम्बर
९८१०२९०४७४ मा
सम्पर्क गर्नुहोस्

टुडे एक्सप्रेस

समाजलाई जोड्ने सत्य सञ्चार

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक १०३ ❑ पृष्ठ ८ | २०७७ फागुन १९ बुधवार (2021 MARCH 03 WEDNESDAY) | ❑ मुल्य रु ५।-

बिएण्डसी टिचिङ हस्पिटललाई सम्बन्धन दिने तयारी ०३ | घरवासमा लोकसंस्कृति र पञ्चेबाजा ०५ | पर्यटक आगमनमा झिनो सुधार ०७

सामूहिक विवाह

राज्यको ढुकुटीबाट दाइजो !

प्रजिअ भन्छन्- कारबाही अगाडी बढाउँछौं

सन्तोष यादव / जनकपुरधाम

महोत्तरीको पिपरा गाउँपालिका दाइजो दिएर सात जोडीको सामुहिक विवाह गराएको छ। तर गाउँपालिका अध्यक्ष विक्रम चौधरीले दाइजो उन्मूलन गर्न गरिब दलितलाई सामुहिक विवाह गराएका दावी गरेका हुन्।

'गाउँपालिका अध्यक्ष कन्यादान' कार्यक्रम अन्तर्गत सो गाउँपालिकाले सोमवार धुमधामसँग सात जोडीको सामुहिक विवाह गराए। विवाहका लागि भव्य पण्डाल बनाइएको थियो। विवाह समारोहमा उपस्थित अतिथिलाई गम्छा ओढाएर स्वागत गरियो। मिथिला परम्परा अनुसार सातै जोडीको विवाह सम्पन्न गरियो। विवाहमा गरेको तामझामले कुनै धनाढ्य छोरा-छोरीको विवाह भइरहेको जस्तै स्थानीयले अनुभव गरे। अहिले गाउँपालिका अध्यक्ष चौधरीको कतै प्रसंशा त कतै आलोचना भइरहेको छ। गाउँपालिकाले १० जोडीको सामुहिक विवाह गराउन ४० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो। जसमध्ये सात जोडीले मात्र निवेदन दिएपछि उनीहरूको विवाह गराइदिए। गाउँपालिका अध्यक्ष चौधरीले सात जोडीको विवाह गराउँदा करिब २५ लाख खर्च भएको सुनाए। बेहुली पक्षको भूमिका निर्वाह गरी गाउँपालिका अध्यक्ष चौधरीले बेहुला पक्षलाई भाडावर्तन, लत्ताकपडा, फर्निचर, सृङ्गारसहितका ५५ प्रकारका समान उपलब्ध गराए। यति मात्र होइन्, बेहलालाई सुनको अँगुठी र बेहुलीलाई सुनको फुली समेत प्रदान गरिएको छ।

अध्यक्ष चौधरी भन्छन्, 'हिन्दु परम्परा अनुसार सुनको गहना बिना विवाह हुँदैन। त्यसैले सुनको गहना पनि बेहुला र बेहुलीलाई दिएका छौं।' मधेसमा कोही पनि दाइजो बिना विवाह नगर्ने गरेको र गरिबले छोरीको विहे गर्न ऋण बोक्नुपर्ने भएकाले सामुहिक विवाह गर्ने नीति लिएको दावी गरे। उनले सरसमान बेहुलालाई दिनु गैरकानूनी नभएको पनि तर्क गरे।

यता, महोत्तरीका प्रमुख जिल्ला अधिकारी केशव प्रसाद विमलीले गाउँपालिकाले सामुहिक विवाह गराउन मिल्ने तर सरसमान दिन नमिल्ने बताए। उनले गाउँपालिकाले बेहुला पक्षलाई राज्यको ढुकुटीबाट सरसमान र सुनका गहना दिएर गैरकानूनी काम गरेको बताए।

उनले भने, 'सामुहिक विवाहमा सहभागी हुन मलाई पनि निम्तो दिएको थियो। म त्यहाँ पुगे पनि। तर धेरै तामझामका साथ विवाह भइरहेको थाहा पाएपछि तत्काले फर्किए।' उनले उजुरी परेमा वा सञ्चारमाध्यममा समाचार आएपछि अनुसन्धान गरिने र कारबाहीका लागि अख्तियारमा सिफारिस पठाउने पनि बताए।

'ओलीले फेरी पनि देशलाई बन्धक बनाउन खोजे'

टुडे एक्सप्रेस / सर्लाही

नेपाली कांग्रेसका केन्द्रीय सदस्य गगन थापाले प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले पनि देशलाई बन्धक बनाउन खोजेको आरोप लगाएका छन्।

सर्लाहीको धनकौल गाउँपालिकामा मंगलबार आयोजित बृहत आमसभा एवं पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै नेता थापाले भने, 'संसद विघटन गर्दा दुर्घटनामा गइसकेको देशलाई सर्वोच्च अदालतको निर्णयबाट बचे। तर फेरी पनि प्रधानमन्त्री ओलीले देशलाई निकास नदिने सुर कस्नुभएको छ।' प्रधानमन्त्रीले देशलाई संसदभित्रबाट बन्धक बनाउन खोजेको उनले आरोप लगाए।

उनले देश बन्धक बनाउन प्रधानमन्त्रीलाई निर्वाचन आयोगले मद्दत गर्न नहुने बताए। उनले भने, 'आयोगले यदि प्रधानमन्त्रीलाई सहयोग गरेर देश बन्धक बनाएमा नेकपा आयोग नाम राख्दा हुन्छ।'

नेता थापाले आफ्नो ज्यानमाथि खतरा रहेको भनेर पोखरामा प्रधानमन्त्रीले दिएको अभिव्यक्तिप्रति आपत्ति जनाए। 'जुन देशका प्रधानमन्त्रीले आफ्नो ज्यान जोगाउन सक्दैन, त्यसले जनताको ज्यान कसरी जोगाउँछ ?,' उनले भने, 'यस्तो लुते प्रधानमन्त्री चाहिएन।'

बलुवाटारमा नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीको घेरामा रहने प्रधानमन्त्री यसरी डराउँछ भने अरुको ज्यान जोगाउन नसक्ने थापाले बताए। 'यो प्रधानन्त्रीसँग अब कुनै अपेक्षा छैन,' उनले भने, 'केहि दिनभित्र विदाई गर्ने अभिभारा पूरा गर्नुपर्छ।'

एक सय फर्मलाई ३० लाख जरिवाना

टुडे एक्सप्रेस / वीरगञ्ज

सप्तरीमा ११, धनुषामा २०, महोत्तरीमा ६, सर्लाहीमा ३, रौतहटमा १७, बारामा ३, पर्सामा ७६, मकवानपुरमा १५ र चितवनमा २७ गरी जम्मा २०५ फर्मको अनुगमन गर्दा १०५ फर्म कारबाहीमा परे

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्जले बढी मूल्य राखेर सामान बिक्री गर्ने, अरुको ब्राण्ड चोरी गर्ने, पसलमा मूल्य सूची नराख्ने, खरीद बिल नदेखाउने, इजाजत नलिई पसल सञ्चालन गर्ने तथा अनुगमन कार्यमा सहयोग नगरेको भन्दै १०५ वटा व्यापारीक फर्मलाई कार्वाही गरी रु ३० लाख २३ हजार जरिवाना गरेको छ।

सो कार्यालयले चालू आर्थिक वर्षको फागुन १७ गतेसम्ममा २०५ व्यापारिक फर्ममा अनुगमन गरी त्यसमध्ये १०५ लाई कारवाही गरी रु ३० लाख २३ हजार जरिवाना गरेको छ।

एसआर रेडिमेड उद्योगलाई सबैभन्दा बढी रु ३ लाख जरिवाना गरिएको छ। उक्त उद्योगले बहुराष्ट्रिय कम्पनीको लोगो आफ्नो उत्पादनमा लगाउने गरेको पाइएकोले उक्त उद्योगलाई हदैसम्मको जरिवाना गरिएको हो।

यसैगरी वीरगञ्जकै जय अम्बे ट्रेड एण्ड जेनेरल अर्डर सप्लायर्सलाई रु दुई लाख ५१ हजार, गगन ट्रेडिग हाउसलाई रु दुई लाख जरिवाना गरिएको छ। हेटौंडा उपमहानगरपालिका-३ स्थित घर संसार पसललाई रु तीन लाख जरिवाना गरिएको छ।

ती व्यापारीक फर्महरूले बढी मूल्य लिएर उपभोक्ता ठग्दै आइरहेकाले उपभोक्ता संरक्षण ऐन २०७५ को दफा

पृष्ठ ८ मा बाँकी

सरकार र विप्लवबीच वार्ता हुने

दुवै पक्षबाट वार्ता टोली गठन

टुडे एक्सप्रेस / काठमाडौं

सरकार र प्रतिबन्धित नेपाल कम्युष्टिन पार्टी विप्लव समूहबीच वार्ता हुने भएको छ। मंगलवार सरकारले विप्लव समूहसँग वार्ता गर्न समिति बनायो। लगत्तै विप्लवले पनि वार्ता टोली गठन गरे। सरकारी वार्ता टोलीको नेतृत्व गृहमन्त्री रामबहादुर थापा 'बादल'ले गर्नेछन्। प्रधानमन्त्रीका परराष्ट्र मामिला सल्लाहकार डा. राजन भट्टराईलाई वार्ता टोलीका सदस्यको रुपमा चयन गरिएको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्री पार्वत गुरुङले पत्रकार सम्मेलन गरी विप्लव समूहसँग वार्ता गर्न सरकार तयार रहेको बताए।

उता विप्लव समूहले सचिवालय सदस्य एवं पार्टी प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड'को नेतृत्वमा वार्ता टोली गठन गरेको छ। उनको टोलीका सदस्य केन्द्रीय सदस्य उदय चलाउने 'दीपक' रहने महासचिव विप्लवद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। विप्लवले विज्ञप्तिमा कुनै पनि शर्तहरू राखिएका छैनन्। वार्ता गर्ने सहमती बनेपनि सरकारले विप्लव समूहमाथिको प्रतिबन्ध फुकुवा गरेका छैन। अहिले विप्लवका सयौं नेता प्रहरी नियन्त्रणमा छन् भने कैयौं नेता कार्यकर्ता मुद्दा झेलिरहेका छन्। मुद्दा, प्रतिबन्ध र हतियार व्यवस्थापन विषयमा वार्ताद्वारा नै समाधान गरिने सरकारको भनाइ छ।

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक

कर्मचारी आवश्यकता

टुडे एक्सप्रेस राष्ट्रिय दैनिक पत्रिका जनकपुर कार्यालयको लागि विभिन्न पदमा कर्मचारी आवश्यकता भएको हुँदा निम्न पदहरूका लागि निम्न योग्यता भएकाहरूले यहि फागुन २० गते भित्र आफ्नो Curriculum Vitae सहीत सम्पर्क गर्नु हुन अनुरोध छ।

क्र.सं.	तह	संख्या	योग्यता
1.	Marketing/ Bike rider	1	सामान्य लेखपढ भएको।
2.	Driver	2	6 Yrs Experience.
3.	Manager	1	BBA / BBS With 2 Yrs Experience in Specified Field.
4.	Accountant	1	BBA / BBS With 1 Yrs Experience.
5.	Security Guard	2	सामान्य लेखपढ भएको।

सम्पर्क : +977-41590874 मोबाइल : 9810290474 इमेल : etodayexpress@gmail.com

'अहिंक रेडियो अहिंक आवाज'

रेडियो जनकपुर

९७ मेगाहर्ज

मधेशको पहिलो एफ. एम.

Radiojanakpur 97.0 mhz
Radio Janakpur 97.0 Mhz
www.radiojanakpur.org.np

बिहान ५ बजे देखि राति ११ बजेसम्म रेडियो सुन्न नभुल्नुहोला

कञ्चनवनमा धार्मिक यज्ञ सुरु

श्रीकान्त झा / जनकपुरधाम

भव्य कलशयात्रा सहित धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा धार्मिक यज्ञ शुभारम्भ भएको छ।

गाउँपालिकाको कार्यालय र गाउँवासीको आयोजनामा वडा नम्बर ३ स्थित कञ्चनवन जगरियामा पूर्णब्रह्मा परमपिता परमेश्वर एवं शक्तिनाम संकीर्तन मंलगवार शुभारम्भ भएको हो।

सम्पूर्ण जीव कल्याणको उदेश्यले आयोजना गरिएको उक्त संकीर्तन फागुन २९ गते सम्म चल्ने स्थानीय कौशल कुमार यादवले बताए।

कञ्चनवन धार्मिक हिसावले एक महत्वपूर्ण ठाउँ हो जहाँ मिथिलाको महत्वपूर्ण पर्व माध्यमिक परिक्रमका अवसरमा डोलेहरू सो स्थानमा पुग्ने गरेको बताउँदै पवित्रभूमिमा शिवको मन्दिर शिलान्यास गर्ने उदेश्य समेत राखि संकीर्तन आयोजना गरिएको बाबा अंगदजी दासले बताए।

बाबा दासका अनुसार त्यहाँ भागवान रामसीता, हनुमान लगायत ५१ स्वरुपाका देविदेवताका मूर्तिहरू समेत प्रदर्शनमा राखिएको छ। कञ्चनवनमा पहिलो पटक यति ठुलो संकीर्तन आयोजना हुनु गजरिया र सम्पूर्ण लक्ष्मीनियाँ गाउँवासीकै लागि गौरवको विषय भएको अर्का स्थानीय सत्यनारायण यादवको भनाई छ।

सम्पूर्ण गाउँवासी, लक्ष्मीनियाँवासीको लागि आयोजित संकीर्तनमा श्रद्धालु भक्तजनहरूलाई एक पटक सहभागि भई पुण्य कमाउन गाउँवासीले अपील गरेका छन्।

नेता यादवले दिए भक्तजनलाई कपडा

नेपाली काँग्रेसका युवा नेता विनय कुमार यादवले संकीतनका सहभागिहरूलाई गेरु गन्जी, लुङ्गी र गम्छा प्रदान गरेका छन्।

नेपाली काँग्रेस धनुषा क्षेत्र नम्बर ४ का क्षेत्रीय सदस्य समेत रहेका यादवले काँग्रेस नेता कोमलकान्त झा सहितका नेता तथा स्थानीय कार्यकर्ताको सहभागितामा संकीर्तन स्थल कञ्चनवन पुगी पुजारी, बाबाजी, संकीर्तनमा खटिका स्वयमसेवक लगायतलाई गन्जी र गम्छा वितरण गरेका हुन्।

आफुलाई भावी गाउँपालिकाको अध्यक्षको दावेदार बताउने समाजसेवी सोचका नेता यादवले विगतमा पनि थुप्रै सामाजिक कामहरू गरेको बताए। उनले लकडाउनको समयमा आफ्नो व्यक्तिगत खर्चमा वडा नम्बर ३ मा ३५ घरधुरीलाई राहत दिएको, झण्डामेलामा १२ हजार सहयोग गरेको, वडा ५ मा दुर्गा मन्दिर निर्माणमा ४५ हजार सहयो गरेको, रामजानकी युवा क्लवलाई ३२ ओटा भेष्ट दिएको लगायत गाउँपालिका भरि नै आफुले जनताको सेवामा लागेको बताए।

गाउँपालिकामा काँग्रेस भूमिका प्रतिपक्षको भए पनि विकास निर्माणका काममा लागेका भन्दै कार्यकर्तालाई निरास हुन नदिन पनि आफुले उनीहरूको मनोवल गिर्न नदिने काम गरेको उनले बताए।

छिमेकी विरुद्ध प्रहरीमा निवेदन

टुडे एक्सप्रेस / महोत्तरी

घरमै आई आफुहरूलाई कुटपिट गर्ने विरुद्ध कडा कार्वाहीको माग गर्दै जलेश्वरकी एक महिलाले प्रहरीमा निवेदन दर्ता गराएकी छिन्।

जिल्लाको जलेश्वर नगरपालिका ८ बज्राही बस्ने शम्भु ठाकुरकी श्रीमती ५० वर्षिया सुशिला देवीले सोही ठाउँ बस्ने छिमेकी लालकिशोर ठाकुरका छोरा २५ वर्षिय सुधिर ठाकुर सहित भारतको बथनाह बस्ने सुधिरका भान्दा राजा ठाकुर र नाम नखुलेका अर्का भान्जा सहित तीन जना विरुद्ध घरमै आई कुटपिट गरेको भन्दै आवश्यक कार्वाहीको माग गर्दै उजुरी दिएकी हुन्।

जिल्ला प्रहरी कार्यालय जलेश्वरमा दर्ता गराएको निवेदनमा भनिए अनुसार सुशिलादेवीकी छोरी अनु ठाकुरको श्रीमान मनोहर झासँग सम्बन्ध विच्छेदको मुद्धा चलि रहेको छ। आरोपी मध्येका राजा ठाकुरले सुशिलादेवीको औरही स्थित छोरी रिमा कुमारीको घरमा गई धाकधम्की दिएका थिए। मेरो छोरीलाई किन त्यसरी धम्की दिएको भनेर सम्झाउन जाँदा त्यही विषयलाई रिसिवी बनाई फाल्गुन ११ गते मंगलवार अन्दाजी ११ बजे सुधीर र उनका दुईजना भान्जा घरमै आई आफुहरू माथि कुटपिट गरे, उजुरीमा भनिएको छ।

आफुलाई बचाउन आएका छोरी रिमा तथा नाती शिवम र अमरलाई समेत उनीहरूले कुटपिट गरेको सुशिलादेवीले बताईन्। उनीहरूले कुटाईबाट नाती शिवमको खुट्टा भाँचिएको, अमरको टाउकामा चोट लागेको छ।

उनीहरूले आफ्नो शरीरमाथि मोटरसाईकल कुटाईको समेत सुशिलाले बताएकी छन्।



र्यालय महोत्तरी जलेश्वर मा चढाएको

निवेदन पत्र

जाँच गराई पाउँ ।

ने शम्भु ठाकुर की श्रीमति वर्ष ५० की ..... १ } निवेदक पक्ष

विरुद्ध

ने लाल किशोर ठाकुर को छोरा वर्ष२५ ..... १ }

ऐ.वस्ने नवल किशोर ठाकुर को छोरा वर्ष २४ को राजा ठाकुर..... १ } विपक्षी प्रतिवादी

रु.१०/-को टिकट टासी निम्न लिखित व्यहोरा को निवेदन गर्दछु।

१. म जाहेरवालीको घर जलेश्वर न.पा.वा.नं.८ वज्राही मा पर्दछ।विपक्षी अन्यायी हरुको घर पनि वज्राही मा नै छ।म जाहेरवाली को छोरी अनु कुमारी ठाकुर को आफ्नो लोग्ने मनोहर झा सँग सम्बन्ध विच्छेद मुद्दा कार्यवाहीमा छ।विपक्षी मध्येको राजा ठाकुर औरही मेरो छोरी रिमा कुमारी को घरमा गै धाक धम्की दिनु भएको थियो।सोही कारण निजको घरमा गै किन यस्तो कृयाकलाप गर्नु भएको भनी भन्न जाँदा म जाहेरवाली प्रति रिश लिई येही मिति २०७७/११/११गते मंगलवार का दिन अं.११बजे को समयमा मेरो घर मा आई मलाई समाती घर वाहिर सडकमा इन्द्रेश मण्डल को पसल अगाडी ल्याई कुटपिट गर्न लाग्नु भएकोमा मेरो छोरी अनु रिमा तथा नाती शिवम तथा अमर समेत वचाउ गर्न जाँदा तिनै जना विपक्षी मिली हुल गरी हामीलाई कुटपिट गरी घाइते तुल्याउनु का साथै नाती शिवम को हात समेत भाँची दिनु भएको छ। नाती अमन को टाउको फुटाई दिनु भएको छ। तथा निज सुधिर ठाकुर को भान्जा ले मेरो जिउमा मोटर साइकिल चढाई ज्यान मा

पुल निर्माण चार वर्षदेखि अलपत्र

टुडे एक्सप्रेस / सर्लाही

सर्लाहीको हरिपुर र लालबन्दी नगरपालिकालाई जोड्ने पाँचकुमारी खोलाको पुल चार वर्षदेखि अलपत्र अवस्थामा छ।

आर्थिक वर्ष २०७४/७५ बाट निर्माण शुरु भएको सो पुल निर्माण शरु भएको चार वर्ष बितिसक्न लाग्दा पनि निर्माण कार्य अलपत्र अवस्थामा परेको हो।

हरिपुर नगरपालिका-८ र लालबन्दी नगरपालिका-४ को सिमानामा रहेको पाँचकुमारी खोलामा दुई खम्वा भएको पक्की पुल निर्माण शुरु गरिएको चार वर्षसम्म पनि जनप्रतिनिधिको लापरवाहीका कारण निर्माण सम्पन्न हुन नसकेको स्थानीयवासीले बताएका छन्। हरिपुर नगरपालिकाको रु २५ लाख र लालबन्दी नगरपालकाको रु १० लाख गरी ३५ लाखको लागतमा निर्माण सम्पन्न गर्ने गरी शुरु भएको पुलको हालसम्म निर्माण उपभोक्ता समितिमार्फत नै काम भएको र विभिन्न चरणमा गरी रु २५ लाख रकम सकिसकेको पुल निर्माण उपभोक्ता समितिले जनाएको छ।

आव २०७४/७५ मा नगरले रु पाँच लाख, आव २०७५/७६ मा नगरले रु १० लाख लालबन्दी नगरपालिकाले रु १० लाख रकमको व्यवस्था गरेको थियो। आव २०७७/७८ मा पनि हरिपुर नगरपालिकाले रु १० लाख रकमको व्यावस्था गरेको छ। लालबन्दीतर्फको क्षेत्रमा पुलको माथिल्लो भौतिक संरचना निर्माण भइसकेको भए पनि मानिस अहिले पनि खोलाबाटै आवतजावत गर्न वाध्य छन्। हरिपुरतर्फको क्षेत्रमा माटो भर्ने, ढइगा जाली लगाउने काम बाँकी नै रहेको हरिपुर नगरपालिका-८ का वडाध्यक्ष हरिबहादुर थापाले बताए।

उपभोक्ता समितिमार्फत निर्माण शुरु गरिएको पुलको हालसम्म तीनवटा निर्माण उपभोक्ता समिति गठन गरिसकिएको वडाध्यक्ष थापाले जानकारी दिए। वडाध्यक्ष थापाले हरिपुर नगरपालिकाका नगर प्रमुख मन्सुरले पुल निर्माण कार्यमा रकमको उचित व्यवस्था नगर्दा निर्धारित समयमा पुल निर्माण हुन नसकेको आरोप लगाए। नगर प्रमुख मन्सुरले निर्माण उपभोक्ता समितिमार्फत काम गर्दा गुणस्तरीय काम हुने भएका कारण आफूले निर्माण उपभोक्ता समितिमार्फत काम गर्न लगाएको बताए।

उनका अनुसार पुल निर्माणको काम करीव ७० प्रतिशत सकिएको र अबको केही महिनाभित्रमा पूरै काम सम्पन्न हुने छ।

आजको राशिफल

ई. बिबेक
प्रसिद्ध ज्योतिषाचार्य
परामर्सको लागि सम्पर्क ९८१२००५३७८

मेष : आज रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । प्रेम र मित्रताको बन्धनमा रमाउने समय पनि छ ।

वृष : आज चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मान सम्मान मिल्नेछ । परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइनेछ ।

मिथुन : आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । नोकरी गर्नेले मानसम्मान पाउने छन् । छोटो यात्राको सम्भावना पनि रहेको छ ।

कर्कट : आज अध्यापनको क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ । आजको दिन हाँसखेल र मनोरञ्जनपूर्ण समय हो । पारिवारिक सुख पनि मिल्नेछ ।

सिंह : विचार पुर्याएर निर्णय लिनु राम्रो होला । मनमा दोधारको अवस्था सिर्जना हुनसक्छ । दाम्पत्य जीवनमा एक किसिमको निरसता आउन सक्छ ।

कन्या : शुभारम्भको चर्चा चल्नेछ । भौतिक साधन जुटाउने समय छ । व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । अतिथिको रूपमा सत्कार पाइएला ।

तुला : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । शुभकार्यको चर्चा चल्नेछ । बन्दव्यापार र पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको वातावरण बन्नेछ ।

वृश्चिक : विवाद र प्रतिस्पर्धामा सफलता मिल्नेछ । धार्मिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ । आधुरा कामसमेत सम्पादन हुनसक्छ ।

धनु : अधिकार प्राप्तिका लागि गरिएको प्रतिस्पर्धामा विजयी भइनेछ । बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।

मकर : आज रोकिएका काम पुनः सुरू हुन सक्छन् । जग्गाजमिनको कारोबारबाट राम्रो फाईदा हुनेछ । न्यायिक कार्यमा सफलता मिल्न सक्छ ।

कुम्भ : दबाब र तनाव बढेको महसुस हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । सन्तानपक्षको मायामा कमी आउनेछ । यात्रामा सावधानी अपनाउनु पर्नेछ ।

मिन : आज रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पूरा हुनेछन् ।

स्वास्थ्य स्वयंम् सेविकालाई साइकल वितरण

टुडे एक्सप्रेस / सप्तरी

स्वास्थ्य स्वयमसेविकालाई स्वास्थ्यसम्बन्धी जानकारी दिन र सेवा गर्न सजिलोको लागि सप्तरीको कञ्चनरुपमा साइकल वितरण गरिएको छ।

कञ्चनरुप नगरपालिका-८ द्वारा नौ महिला स्वयमसेविकालाई साइकल वितरण गरिएको हो। विभिन्न स्वास्थ्यसम्बन्धी कार्य गर्दा सूचना र सेवाको सजिलोका लागि प्रत्येक महिला स्वयमसेविकालाई एकएक थान साइकल उपलब्ध गराइएको वडाध्यक्ष राजकुमार साहले बताए।

महिला स्वास्थ्य स्वयमंसेविकाले स्वास्थ्य क्षेत्रमा अहोरात्र योगदान पुऱ्याउँदै आएको र अझ थप स्वास्थ्य क्षेत्रमा सेवा गर्न सहज होस् भन्ने उद्देश्यले वडा कार्यालयको तर्फबाट साइकल वितरण गरिएको वडाध्यक्ष साहले जानकारी दिए।

स्वास्थ्य क्षेत्रको विकास र सुधार नभएसम्म मानव जीवनमा विभिन्न खाले समस्या आउने हुँदा स्वास्थ्य क्षेत्रलाई सबै मिलेर प्रभावकारी बनाउनुपर्ने नगर प्रमुख वसन्त मिश्रले बताए।

जुत्ताभित्र चरेश दिनखोज्ने पक्राउ

सुर्य नारायण विक / पर्सा

पुर्पक्षका लागी थुनामा रहेका भाइलाई जुत्ताभित्र लुकाएर चरेश दिन खोज्ने दाईलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ।

लागूऔषध मुद्धामा पुर्पक्षकालागी थुनामा रहेका सिन्धुपाल्चोक भोटेकोशी १ का २० वर्षीय लाक्पा शेर्पालाई भेट्ने बहानामा चरेश दिनखोज्ने निजका दाई २२ वर्षीय मिङ्मा शेर्पालाई प्रहरीले नियन्त्रणमा लिएको हो।

पर्साको वीरगञ्ज कारागारमा रहेका कैदीवन्दी भेट्नका लागी आएका व्यक्तिहरूलाई प्रहरीले चेकजाँच गर्ने क्रममा भाइको लागी ल्याएको कालो प्लाष्टिकको झोलाभित्र रहेको स्पोर्ट्स जुत्ताको तलुवाभित्र अन्दाजी १० ग्राम चरेशको धुलो फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

चरेसको धुला फेला परेपछि शेर्पालाई लागुऔषध मुद्धा कसुरमा आवश्यक अनुसन्धान गर्नका लागि भाइरहेको प्रहरी नायव उपरीक्षक खनालले बताए।

जानकी मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय :- ५ बजे
बिहान पूजा आरती समय :- ७ बजे
बिहान ढोका बन्द :- १२ बजे
अन्न क्षेत्र :- निः शूल्क भोजन
दिउँसो ढोका खुल्ने समय :- ४ बजे
संध्या पूजा आरती :- साँझ ७:३० बजे

राम मन्दिर
प्रत्येक दिन

बिहान ढोका खुल्ने समय :- ५ बजे
मंगल आरती समय :- बिहान ७:३० बजे
महाप्रसाद भोग :- १२ बजे
दिउँसो ढोका खुल्ने समय:- ३:३० बजे
संध्या पूजा आरती :- साँझ ७ बजे
रात्री भोग :- ९ बजे
पट बन्द :- ९:१५ बजे

मेयर पटेलद्वारा विभिन्न योजनाको शिलान्यास

धर्मेन्द्र कुमार साह / रौतहट

रौतहटको देवाही गोनाही नगरपालिकाका नगर प्रमुख धर्मेन्द्र पटेलले नगरभित्रका विभिन्न योजनाहरूको शिलान्यास गरेका छन्।

नगर प्रमुख पटेलले बागमती सिचाइ योजनाद्वारा निर्माण गर्न लागिएको सिँचाइ आयोजना अन्तर्गत विस्तार गरिएको सानो व्यारेजको शिलान्यास गरेका छन्। उनले नगरभित्र सिँचाई सुविधाबाट वञ्चित किसानका लागि सिँचाई सुविधा उपलब्ध गराउने उदेश्यले व्यारेजको शिलान्यास गरेका हुन्।

नगरभित्र भौतिक निर्माणको कामलाई प्राथमिकताका साथ अगाडि बढाएको बताउँदै मेयर पटेलले जनता आवास कार्यक्रम अन्तर्गत नगरपालिकाको वडा नं ६ कर्कचका २२ विपन्न घर परिवारका लागि घर निर्माण गर्न लागिएको जनता आवास कार्यक्रम अन्तर्गतका घरहरूको समेत शिलान्यास गरेका छन्।

प्रतिनिधिसभा बैठक कक्ष सरसफाई संघीय संसद, प्रतिनिधि सभा बैठक कक्ष सरसफाई काम गर्दै कर्मचारीहरू। सरकारको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले फागुन २३ गते प्रतिनिधिसभा बैठक आह्वान गरेकी छन्। सभामुख अग्निप्रसाद सापकोटाले मंगलवार बैठक कक्षको अनुगमन समेत गरे। तस्वीर : रोशन सापकोटा, रासस

बिएण्डसी टिचिङ हस्पिटललाई सम्बन्धन दिने तयारी

टुडे एक्सप्रेस / झापा

प्रधानमन्त्री केपी शर्मा ओलीले बिएण्डसी टिचिङ हस्पिटललाई सम्बन्धन दिने तयारी गरेको बताएका छन्। उनले मंगलवार बिर्तामोडस्थित पूर्वाञ्चल क्यान्सर हस्पिटलको उद्घाटन गर्दै केही समयभित्रमै अस्पताललाई शिक्षण अस्पताल बनाइने र सम्बन्धनको कार्य पनि अघि बढेको बताए।

प्रधानमन्त्री ओलीलेसम्बन्धन काठमाडौं विश्वविद्यालयले दिने जानकारी दिए। उनले दुर्गा प्रसाईंले निजी लगानीमा सञ्चालनमा ल्याएको क्यान्सर अस्पताल विश्वस्तरकै आधुनिक भएको तथा यसमा अत्याधुनिक उपकरण र दक्ष जनशक्ति रहेको भनी प्रशंसा गर्दै विश्वस्तरको अस्पतालबाट जनताले सस्तो र सुलभ मूल्यमा उपचार पाउने विश्वास व्यक्त गरे।

उनले सो अस्पतालले अन्य देशका भन्दा सस्तो र भरपर्दो उपचार दिने हुँदा विदेशीसमेत आउने अपेक्षा व्यक्त गरे। अर्को प्रसङ्गमा उनले प्रसाईंले मार्सी चामलाई ब्रान्ड बनाइदिएको तथा चाँडै मार्सी बियर बजारमा ल्याउने तयारी गरेको जानकारी आफूले पाएको बताए।

प्रधानमन्त्री ओलीले राजनीतिक प्रसङ्गमा आफूलाई कसैले हटाउन सक्छ भने हटाएर देखाउन चुनौती दिए। भने, 'तत्काल कसैले हटाउन सक्छ भने हटाएर देखाओस्, डेढ-दुई वर्षपछि चुनाव आउँछ, जनताले दुई तिहाइ बहुमत दिएर सिंहदरबार पठाउँछन्।' यही फागुन २३ गते प्रतिनिधिसभा अधिवेशन बोलाइएको हुँदा सर्वोच्च अदालतको फैसलाको समेत परीक्षण हुने उनको भनाई छ।

प्रकृया मिचेर सम्बन्धन नदिन कांग्रेसको चेतावनी

टुडे एक्सप्रेस / काठमाडौं

शिक्षामन्त्री कृष्णगोपाल श्रेष्ठको ठाडो आदेशमा झापास्थित प्रस्तावित बीएन्डसी कलेजलाई एमबीबीएसको सम्बन्धन दिने काठमाण्डौं विश्वविद्यालय सभाको निर्णयप्रति नेपाली कांग्रेसले ध्यानाकर्षण जनाएको छ। कामचलाउ सरकारका शिक्षामन्त्रीको निर्देशनमा विश्वविद्यालय सभाको निर्णयप्रति कांग्रेस शिक्षा विभागका सचिव डा. कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गर्दै गम्भीर ध्यानाकर्षण भएको जनाएका छन्। 'नेकपा सरकार आफैंले बनाएको ऐन, नियम तथा विभिन्न समयमा गरेका सम्झौता विपरित बारम्बार यस्ता हस्तक्षेपका कार्य गर्नं खेदजनक र आपत्तिको कुरा हो,' विज्ञप्तिमा भनिएको छ। शिक्षामन्त्री स्वयंले प्रकृया मिचेर विश्वविद्यालयको स्वायत्तामाथि हस्तक्षेप गर्दै राजनैतिक दबाब सृजना नगर्न कांग्रेसले सचेत गराएको छ। अन्यथा यसको परिणाम दुःखद हुने चेतावनी समेत उसले दिएको छ।

ओलीले आफूमाथि हमला गराउने वातावरण बनाए : भीम रावल

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी नेकपाको स्थायी कमिटी सदस्य प्रधानमन्त्री केपी शर्मा ओलीले आफूमाथि शारीरिक हमला हुन सक्छ भन्नु अरु कसैलाई हमला गराउन वातावरण बनाउने योजना भएको बताएका छन्।

प्रधानमन्त्री ओलीले आफूमाथि शारीरिक हमला भएमा पनि त्यसलाई अनौठो नमान्न आफ्नो पक्षका नेता तथा कार्यकर्ताहरूलाई अनुरोध गरेको भोलिपल्ट नेता रावलले सामाजिक सञ्जालमा यस्तो लेखेका हुन्। उनले ओलीले अदालतको फैसलापछि झरेको साख बचाउन जन सहानुभूति बटुल्ने प्रयास गरेको समेत बताएका छन्।

असुरक्षित भन्ने आवरणमा जनाधिकार कुण्ठित गर्न स्वेच्छाचारी काम भएको समेत तर्क गरेका छन्। 'प्रम केपीले आफुलाई सुरक्षा खतरा भन्नुका सम्भावित कारण : अदालतको फैसलापछि झरेको साख बचाउन जन सहानुभूति बटुल्ने,' उनले लेखेका छन्, 'प्रम नै असुरक्षित भन्ने आवरणमा जनाधिकार कुण्ठित गर्न स्वेच्छाचारी काम गर्ने, अरू कसैमाथि हमला गराउन वातावरण बनाउने। तर यसले प्रमको अयोग्यता र गैर जिम्मेवारपन नै देखाउँछ।' कसैमाथि हमला गराउन वातावरण बनाउन खोज्नु भनेको ओलीको अयोग्यता र गैर जिम्मेवारपन भएको समेत दावी गरेका छन्।

डा. भट्टराई स्वदेश फिर्ता

टुडे एक्सप्रेस / काठमाडौं

पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टी (जसपा)को संघीय परिषद् अध्यक्ष डा. बाबुराम भट्टराई स्वदेश फर्केका छन्। भारतको राजधानी दिल्लीमा स्वास्थ्य परीक्षण पूरा भएपछि उनी मंगलबार नेपाल वायु सेवा निगमको विमानमार्फत काठमाडौं फर्केका हुन्।

भट्टराई न्युरो इन्डोक्राइनको ट्युमरमा क्यान्सर भएको आशङ्कामा परीक्षणका लागि दिल्ली पुगेको थियो। भट्टराईलाई न्युरो-इन्डोक्राइनको ट्युमरमा क्यान्सर नभएको चिकित्सकले बताएका छन्।

उक्त ट्युमरलाई दुई-तीन महिनाभित्रै शल्यक्रियाद्वारा फाल्नुपर्ने चिकित्सकले सुझाव दिएका छन्।

राप्रपाद्वारा निर्वाचन समिति गठन

टुडे एक्सप्रेस / काठमाडौं

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्षत्रयद्वारा आसन्न केन्द्रीय महाधिवेशन प्रयोजनका लागि पार्टीको अन्तरिम विधान अनुसार केन्द्रीय निर्वाचन समिति गठन गरेको छ। नेता हरिबहादुर बस्नेतको संयोजकत्वमा केन्द्रीय निर्वाचन समिति गठन गरेको हो।

उक्त निर्वाचन समितिमा सह संयोजक तोरण बहादुर गुरुङ, सचिव प्रा.डा. गीताभक्त जोशी, सह.सचिव झनक प्याकुरेल र सदस्यमा रोशन कार्की, राजु बस्नेत, श्यामबहादुर शाही, कैयाँ चौधरी, पुष्कर अधिकारी रहेका छन्।

राजनीतिक दलसँग छलफल गरी बैठक : सभामुख

टुडे एक्सप्रेस / काठमाडौं

प्रतिनिधिसभाका सभामुख अग्निप्रसाद सापकोटाले प्रतिनिधिसभाको बैठक व्यवस्थित ढंगले सञ्चालन गर्ने बारे राजनीतिक दलका नेताहरूसँग परामर्श गर्ने बताएका छन्।

मंगलबार संघीय संसद भवन नयाँबानेश्वरस्थित संसद बैठककक्षको अवलोकन पछि सञ्चारकर्मीलाई संक्षिप्त प्रतिक्रिया दिदै उनले भोलि बुधबारदेखि नै दलका नेताहरूसँग छलफल शुरु गर्ने बताएका हुन्। संसद बैठकका एजेण्डाहरूको सम्बन्धमा सम्बद्ध सबै पक्षसँग तालिकाबद्ध रुपमा विचार, विमर्श र परामर्श गर्ने स्पष्ट पारे।

प्रतिनिधिसभा विघटन गर्ने सरकारको निर्णयलाई सर्वोच्च अदालतले बदर गरेपछि आगामी २३ गते बस्ने प्रतिनिधिसभाको बैठकलाई चासोका साथ हेरिएको छ। सत्तारुढ दलभित्र देखिएको आन्तरिक किचलोका कारण बैठक सञ्चालन कुन ढंगले अघि बढ्ने हो भन्ने सर्वत्र चासो भइरहेका बेला सभामुख सापकोटाले बैठकका एजेण्डा बारे दलहरूसँग छलफल गर्ने बताए।

सभामुख सापकोटाले बैठक सञ्चालनको तयारी चुस्तदुरुस्त भएको पनि बताए। उनले भने, 'स्वभाविक लयमै अधिवेशन चलाउनुपर्छ भन्ने ढंगले हामी तयारी गर्दैछौं। अहिले महासचिवदेखि सचिवालयका सचिवहरू, सबै कर्मचारीहरू पनि बडो उत्साहका रुपमा खटिराख्नुभएको छ। किनभने केही समय अवरुद्ध हुँदा कताकता खल्लो खल्लो भएको थियो अहिले सबै उत्साहित हुनुहुन्छ। संसद बैठकका एजेण्डाहरूको सम्बन्धमा सबै पक्षसँग, पार्टीका नेताहरूसँग, कार्यव्यवस्था परामर्श समिति पनि छ, सबैसँग विचार, विमर्श,परामर्श गर्दैछु भोलिदेखि तालिकाबद्ध रुपमा।'

संसदको सातौं अधिवेशन फागुन २३ गते अपरान्ह ४ बजेको लागि आव्हान भएको छ। बैठकको लागि संघीय संसद सचिवालयले सरसफाइ, व्यवस्थापनलगायत तयारीका काम गरिरहेको छ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

धनुषा (०४१-)

सिडिओ जिल्ला प्रशासन कार्यलय	९८५४००७७७७
एसपी जिल्ला प्रहरी कार्यलय	९८५४००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०६
ट्राफिक प्रहरी निरिक्षक	९८५४०९०४०२
प्रहरी (हटलाईन)	१००,४२००९९, ४२०२९९
मुजेलिया प्रहरी चौकी	५२०७५०
सशस्त्र प्रहरी मुजेलिया	५२७२१३, ५२७८००
अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर)	५२००३३
आँखा अस्पताल	५२०३९७
रक्तसंचार (रेडक्रस)	५२०८७०
जनकपुर सिटी हस्पिटल भानुचौक	५२५०१
जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक	५२५३४१
कृष्णा नर्सिङ्गहोम	५२१९१८
एम्बुलेन्स (रेडक्रस)	१०२
एम्बुलेन्स (मेडिकल कलेज)	५२६०९०, ५२६०९१
एम्बुलेन्स (ॐ शक्ति सामुदायिक)	९८१२१८३२००
एम्बुलेन्स (हिमालय युवा कलब)	९८०४८१४१२६
विरेन्द्र डेन्टल हेल्थ केयर	५२८४३६
बरुण यन्त्र (जनकपुर)	५२००११

काठमाण्डौं (०१-)

प्रहरी कन्ट्रौल	१००
ट्राफिक प्रहरी	१०३
जिल्ला प्रहरी (काठमाडौं)	४२६१९४५
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६९९९
विर अस्पताल	४२२१२२९
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१४७९८, ४४२७४५२
नेपाल अर्थोपेडिया अस्पताल	४९११७२५
प्रसूतीगृह थापाथली	४२५३२७६
तिलगंगा आँखा अस्पताल	४४९३६८४
कान्तिपुर अस्पताल तीनकुने	४१११९५७/८५८
बी एण्ड बी अस्पताल	४४३३२०६
गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट	४२५८५५२
नर्भिक हस्पिटल, थापाथली	४२५८५५४
सहिद गंगालाल रा. हृदयरोग केन्द्र	४३७१३२२

पर्सा

प्र.जि.अ.(सिडिओ)	९८५५०७७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१११
ट्राफिक प्रहरी निरिक्षक	९८५५०९०७०१

बारा

प्र.जि.अ. (सिडिओ)	९८५५००७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५००५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०८
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८११६४

रौतहट

प्र.जि.अ. (सिडिओ)	९८५५०३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५५०३५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१००७
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८२६०८

सर्लाही

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक(नेपाल प्रहरी)	९८५४०७५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२११०
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१४५४

महोत्तरी (०४४-)

प्र.जि.अ.(सिडिओ)	९८५४०२७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५४०८५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०९
ट्राफिक प्रहरी निरिक्षक	९८५२०९०२७१
प्रहरी (जलेश्वर)	०४४-५२०००९
जलेश्वर अस्पताल	०४४-५२००७०
एम्बुलेन्स (जलेश्वर)	०४४-५२०१००
विद्युत (जलेश्वर)	५२००६६,५२०१६
वरुण यन्त्र (जलेश्वर)	०४४ ५२००९७

सिरहा

प्र.जि.अ.(सिडिओ)	९८५२८३७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८६५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०५
ट्राफिक प्रहरी निरिक्षक	९८५२८९०१४४

सप्तरी

प्र.जि.अ. (सिडिओ)	९८५२८५७७७७
प्रहरी उपरिक्षक (नेपाल प्रहरी)	९८५२८५५५५५
प्रहरी उपरिक्षक (श.प्र.ब.)	९८५१२७२१०४
ट्राफिक प्रहरी निरिक्षक	९८५१२८१३७७



सम्पादकीय...

प्रदेश संसद वैठक छिटो आव्हान गर

संसद यस्तो ठाउँ हो जहाँ देश वा प्रदेशका विकास निर्माणका विषयमा विभिन्न तहमा छलफल हुन्छ र कार्यान्वयनका लागि सरकारमा जान्छ । संसदले नै आवश्यक नीति नियम र कानून बनाउने गर्दछ र सोही कानून कार्यान्वयनका लागि सरकारले काम गर्दछ । संसदमा विभिन्न दल र पार्टीबाट, विभिन्न समुदायबाट विभिन्न क्षेत्रहरूबाट जनताको प्रतिनिधीका रुपमा निर्वाचित भएर आएका हुन्छन् । जनताको प्रतिनिधी भए पछि संसदमा जनताको कुरा राख्न पाउनु संसदको अधिकार हो, दायित्व हो । तर देशमा उत्पन्न विभिन्न विषम परिस्थितीका कारण अधिवेशन सकिएको ६ महिना भित्र बस्नु पर्ने संसदको वैठक प्रदेश २ मा अहिले सम्म बस्न नसक्नु दुःखद हो । कार्तिक ३ गते बैठक बसी संसदको चौथो अधिवेशस समापन गरे पछि त्यसयता बैठक नै बस्न नसकेको देखिन्छ । सरकार बैठक कहिले बस्छ भन्दैन तर छिट्टै बस्न भनेर टार्छ । के वैठक बस्ने समय अझै छ भनेर नै सरकारले ध्यान यता नलगाएको हो र ?

प्रदेश २ मा जसपाको एकलौटी सरकार छ । जसपा राजपा र जनता समाजवादी पार्टी मिलेर एक भएको हो । उनीहरूको एकता भए पछि पनि उनीहरूको बिचमा नै आन्तरिक कलह रहेको बुझिएको छ । अर्को कुरा दुई पार्टी हुँदा दुई जना संसदीय दलको नेता हुने र दुबै जनाले तलब भत्ता खाने गरेका थिए । अब पार्टी एक भए पछि एकजना मात्रै संसदीय दलको नेता हुनु पर्दा तलब भत्ता रोकिने भएकोले पनि सो पार्टी एक हुन अल्मल गरिरहेको सोझै बुझ्न सकिन्छ । एकताकै क्रममा सो पार्टीको विभिन्न जिल्लामा विवादहरू चर्किएको पनि बुझ्न सकिन्छ । जसको कारण पनि पार्टी एकता घोषणा ढिलो भएको उनीहरूले नै बताई रहेका छन् । त्यस्तै सरकारमा प्रतिनिधित्व गर्ने दल बाहेकका प्रतिपक्ष दल समेत संसद विघटनका विरुद्धको आन्दोलनमा रहेकाले पनि उनीहरूको चासो संसद बैठकमा नगएको हुन सक्छ ।

चौथो अधिवेशन अन्त्य भएको कार्तिक ३ गते यताको दिनगन्तीले पनि १३७ दिन मात्रै भएको छ । अझै ४०/४५ दिन भित्र संसद बैठक बस्दा कुनै फरक त पर्दैन । संसद जस्तो जनताको पीरमर्का सम्बोधन गर्ने संस्थाको बैठक बस्न ढिला हुँदा त्यसले असहज परिस्थिती उत्पन्न गराउँछ नै । त्यसैले सरकारले प्रदेशका जनताका विषयमा सोच्नु र सोही अनुरुप काम गर्नु जरुरी छ । प्रदेश संसद गर्न पर्ने काम धेरै बाँकी छ । उसले गर्ने मुख्य काम भनेको प्रदेशको स्थायी राजधानी र नाम टुंगो लगाउनु हो । तीन वर्ष सम्म पनि प्रदेशको नाम र राजधानी टुंगो लगाउन नसके संसदले कुरीकुरीका सामना अवश्य गर्नु पर्नेछ । त्यस्तै प्रदेशमा बढ्दि रहेको हत्या, हिंसा, बलात्कार, अपहरण जस्ता घटना न्यूनिकरणका लागि संसदले कडा भन्दा कडा नियम ल्याउनु आवश्यक छ । त्यसर्थ छिटो भन्दा छिटो आन्तरीक कलह तथा किचलोको अन्त्य गरी संसदको वैठक आव्हान गर्न प्रदेश सरकारलाई जोड्दार माग छ ।

'दीनाभद्री' लोकगाथाको ऐतिहासिकता

बैद्यनाथ पास्वान

जातिगत पृष्ठभूमिजन्य उपेक्षा र अभावको प्रतिक्रिया स्वरुप कलात्मक अभिव्यक्तिलाई नाट्य रुपान्तरण वा नाच विस्फोटकको प्रदर्शनलाई लोकगाथा भनिन्छ । विभिन्न स्थानीय मातृभाषामा प्रचलित लोकगाथालाई अर्को शब्दमा लोककाव्य भनिन्छ । अक्षरज्ञान आतंक पण्डित्याँ परम्परा विपरीत लोकगाथा सबै निरक्षर जनमानसको साझा अभिव्यक्ति हो । जसलाई ज्ञान भन्दा वा पढाइ, लेखाई भन्दा टाढा राखियो ति समुदायलाई मनोरञ्जन स्वरुप आफ्ना इतिहासलाई बचाई राख्ने परम्परालाई लोकगाथा भनिन्छ । लोकगाथा, पोथी वा संस्कृत र तन्त्र विद्याको समानान्तर व्यापक जीवनको जीवन्ततन काव्य हो । यसलाई मौखिक काव्य पनि भनिन्छ । कबीरको भाषमा आँखाले हेर्ने काव्य हो । यसमा जीवनको हरेक पलको व्याख्या गरेको पाईन्छ । जो पण्डित वा विद्वानको रचनामा नयाँ-नयाँ भगवानको अवतारलाई देखाउने गरिन्छ भने यस लोकगाथामा जीवनको वास्तविक स्वरुपलाई अवलम्बन गरेको देखिन्छ । लिखित काव्य साहित्यमा सान्ती मनेदशालाई पूर्णता दिनको लागि लेखिएको हुन्छ भने लोकगाथा वीरतामा घटेका घटना परि घटना, इतिहासलाई बाचर्य राख्ने मौखिक काव्य नै हो । ब्राह्मणी परम्परामा यस्ता किसिमका गाथाहरूको चर्चा पाईंदैन, केवल शुद्र समाजमा यसका प्रभाव देखिन्छ । किनभने आठौं शताब्दी देखि पन्ध्रौं शताब्दी सम्म वीर शुद्रहरू नै राज्य गर्दथे । आफ्ना पूर्वजहरूलाई स्मरण गर्न लोकगाथाको काव्य प्रचलनमा आएको हो ।

नेपाली समाजमा शुद्रलाई हेप्ने प्रवृतिको कथा, काव्यहरू रचना भएको पाईन्छ । तर त्यससको गौरवपूर्ण इतिहासलाई जोगाउने गरी लेखिएको पाईंदैन । यहाँ शुद्रहरूको इतिहासलाई गौरवान्वित गर्ने गरी कुनै पनि धर्मशास्त्रले कतै पनि देखिएको पाईंदैन । कतै पनि चर्चा गरेको भेटिँदैन । रामायणकालमा जाति व्यवस्था नै थिएन । तर कपोकल्पित काव्य रचना गरि शुद्रलाई भ्रम छर्ने कार्य गरियो । मनुको काल पछि मात्र वर्ण व्यवस्था सुरु भएको पाईन्छ । रामको प्रति शुद्र वा दलितको आस्था जगाउनको लागि षड्यन्त्र गरि कथा निर्माण गरियो । त्इस पछि ठुला-ठुला विद्वानहरूले धर्मलाई नै आधार बनाई कथा, पुराणहरूको रचना गरे पनि त्यसले लोकगाथा ले जसरी वीरताका इतिहासलाई बचाउन भने सहयोग गरेन, टेवा पुऱ्याएन ।

लोकगाथामा आधारित विभिन्न कालखण्डको लोकगाथाको माध्यमले विभिन्न युगको इतिहास, भूगो, समाज, दर्शन, लोकजीवन, चरित्रको वास्तविक चरित्र चित्रण नै लोकगाथा हो । यसै क्रममा मिथिलामा अनेक महापुरुषहरूको जन्म भयो । ती मध्ये एक हुन 'दीनाभद्री' लोकगाथा । यसलाई कतिपयले भिन्न भिन्न उपनापले व्याख्या वा चर्चा गरेको पाईन्छ । उपनायक, प्रतिनायक वा खलनायकको रुपमा अंकित गरेका छन् । तर एक जातीय प्रतापी महापुरुष, शौर्य पराक्रमको अद्भूत नमूना हुन महामानव 'दीनाभद्री'। जो मुसहर जातीको कूल देवताका रुपमा मिथिला क्षेत्रमा अहिले पनि पुजिने गरिन्छ ।

केही विद्वान/इतिहासकारहरूका अनुसार लोकगाथा वा मैथिली लोकगाथाका प्रतिनिधि अन्तर्गत 'दीनाभद्री' लोकगाथा पनि पर्दछ । यसको पृष्ठभूमिलाई ऐतिहासिक माध्यमले वर्णन गरिएको पाईन्छ । लोकगाथालाई सबैभन्दा पहिले परिचय दिने व्यक्तित्व वज्रकिशोर वर्मा मणिपधाम हुन । उनीद्वारा संकलित लोकगाथामा सबैभन्दा पुरानो 'दुलरा-दयाल' लोकगाथा नै हो । उनको कथनअनुसार तेश्रो शताब्दीतिर घटेको घटना वा इतिहास हो 'दुलरा-दयाल' । त्यस्तै 'नौका-बनिजारा' लाई सातौं शताब्दी र 'लोरिक' छैठौं शताब्दी, राय रणपालको पालवंशीय राजकुमार 'सल्हेश' वा 'दीनाभन्द्री' को लोकगाथा यसै शताब्दीमा भएको हो भन्ने किंवदन्ती छ ।

लोक ज्ञान वा लोक संस्कृतिको धनी डा. ओमप्रकाश भारतीका अनुसार ईस्वी सन् सातौं शताब्दीमा दरबारीया कवि, चारण, भरत आदी रचनाको माध्यमले राजाहरू मध्ये सर्वश्रेष्ठ, वीर, देवगुण सम्पन्न, आदर्श पुरुषहरूलाई गाथाको माध्यमले व्याख्यान गरेको पाईन्छ । 'जादू-टुना' वा धार्मिक भक्तिपरक परम्परामा आधारित लोकगाथा हो, 'दीनाभद्री' लोकगाथा ।

इतिहास विषयका टिप्पणीकार डा. धर्मेन्द्र कुमारका अनुसार सबैभन्दा पुरानो मैथिलीलोकगाथा 'लोरिकाइन' को ऐतिहासिक पृष्ठभूमि सातौं-आठौं शताब्दीको दौरानमा मिथिलामा व्याप्त राजनीतिक स्थिरता एवं अनिश्चियतताको समयमा केवल कृषण, पशुपालक, व्यवसायी एवं शिल्पी समुदाय नै शासक वर्गको रुपमा शुद्र वर्ग नै राज्य गर्दथे । पन्ध्रौं शताब्दीमा जब मिथिलामा स्लामीहरूले आक्रमण गरे, त्यतिबेला सामजिक जीवनमा रक्षक जातिको रुपमा आफ्नो शसक्त पहिचान बनाउने शासक वर्गको रुपमा दुशाद जाति नै थियो । यसको प्रमुख उदाहरण ऐतिहासिक पहिचानको रुपमा राजा सल्हेसलाई नै मानिन्छ । यस्तै सामन्ती दमन एवं उत्पीडनको बिरुद्ध मुसहर जाति संघर्षको पर्यायवाचीको रुपमा महानायक हुन्, 'दीनाभद्री' ।

सातौं-आठौं शताब्दीमा मिथिलामा अराजक अवस्था व्याप्त थियो । स्थानीय शासकवर्ग अत्याचारी एवं स्वेच्छाचारी थिए । महिला असुरक्षित थिए । जनताको सुरक्षा नगन्य थियो । एकातिर वर्ण व्यवस्थाको धर्मशास्त्रीय मान्यता प्राप्त थियो भने अर्कोतिर शुद्र वर्ण, दलित एवं जनजाति वर्गमा जादूटुना एवं तन्त्र विद्याको रुपमा शास्त्रीयकरण आध्यात्मिक शक्तिको रुपमा विस्तार गरियो । अलौकिक शक्तिमा शुद्र एवं दलित वर्ग बढी विश्वास गर्न थाले । व्याप्त लोकगाथामा जोगिएको नगरको राजा कनकसिंह शोषक, सामन्ती र उत्पीडक थिए । कुनौलिक जोरावर सिंह नेपालको अन्यायी शासक थिए । नव विवाहितलाई शीलहरण गर्न र उत्पीडन गर्नमा कुनै संकोच मान्दैनथे उनी । रुपचन, पाँचोनाथ अधोरी, तुमरी मुखिया, पोटरा भीदरहरूको आतंकले मिथिलाको जनजीवन त्रासमा थियो । एक अलौकिक पुरुष 'दीनाभद्री'ले शोषक, सामन्त, अत्याचारीहरूलाई समाप्त गरी समाजमा पुज्यनिय देवरत्न महापुरुषको रुपमा स्थापित भएका थिए । तान्त्रिक विद्याका निपुणताले सबैलाई हराउन सफल थिए उनी । सातौं र आठौं शताब्दीमा मिथिलाको राजनीतिक दिशा र सामाजिक जीवनमा तन्त्रवादको प्रभाव थियो ।

सातौं शताब्दीमा मिथिलामा विदेशी आक्रमण पूर्व दिशाबाट भाष्कर वर्मन र उत्तर-पश्चिम दिशाबाट नेपालको बाटो हुँदै तिब्वती आक्रमण पश्चात मिथिलामा सवत्र अराजकता फैलियो । चिनी राजदूत वांगक मदतिका अनुसार तिब्वत र आसामको आक्रमणबाट मिथिला क्षत् विक्षत भएको थियो । त्यसैले स्थानीय सामन्ती वर्गले समाजमा अत्याचार गर्न थाले । त्यसैको पृष्ठभूमिका 'दीनाभद्री' लोकगाथाको कथालाई घटना प्रति घटनासँग जोड्ने काम गरियो । यसका रचयिता अज्ञात नै हुन् । तर पनि भाषाशैली, शब्द, घटना प्रतिघटनाका दृष्टिले तथ्यसँग जोड्ने काम भयो । 'दीनाभद्री' लोकगाथा अर्न्गत प्रेत योनी तत्सम्बन्धी तान्त्रिक विद्या प्रबल सरोकार मानस पटलमा थियो । कुनौली, सिंहेश्वरस्थान, घुरमी पहाड, बाबन खालसा ढोका, कामुर राजइ, मक्क ममेसरनाथ आदि स्थानमा 'दीनाभद्री'को गाथा चर्चामा भएको उल्लेख छ । सामाजिक वा सांस्कृतिक परिवेशलाई मध्यकालीन पूर्वको गाथा भएको बताईन्छ । लुल्ही बाघिन सित 'दीनाभद्री'लाई युद्ध गर्नु पऱ्यो । 'दीनाभद्री' बाघिनको शरीरलाई चिरीदिन्थे र सल्हेश चिरेको बाघलाई जोडि दिन्थे । मलयुद्धमा पनि जोराबारसिंहलाई परास्त गर्नु थियो । मिथिलाको सामाजिक जीवन सित लोकगाथाको वास्तविक इतिहासलाई उजार गर्छ ।

हरेक दिन मुसहर जातिले आफ्नो कुल देवताको रुपमा गीत, गाथा, स्तुति गीत, लोकमन्त्र, नृत्य, नाटक आदिमा उनको स्वरुप, शौर्या, पराक्रम, चमत्कार, कृपाशीलता, लोककल्याणको भावनामा आधारित सामाजिक संहिष्णुता, शिष्टाचार, महिमा भएको हुनाले मिथिलामा 'दीनाभद्री' लोकगाथाको महत्व व्यापक रुपमा पाईन्छ । 'दीनाभद्री'को लोकगाथाको एक अंशः-

तौल के गदा भदरी
छाती पर मारै छै यौ.....
क्षमा जन्म लेलियौ दीनाभद्री
पराक्रम देखवियो न यौ .....

कसका कुरा पत्याउनु !?

डा. तिलक रावल

देशको राजनीति तरङ्गित छ । दुई खेमा (दाहाल/नेपाल र ओली) मा विभाजित नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का शीर्ष नेताहरूको सडक तताउने र वाकयुद्ध छेड्ने कर्म संसद् पुनर्स्थापनाका कारण तत्कालका लागि थामिएको छ । यी नेताहरूका क्रियाकलापले देशलाई अन्तत्वगत्वा केही लाभ पनि पुग्न सक्ला भन्ने आशा गरौं, तर हिजोसम्मको उनीहरूका सडक तताउने क्रियाकलापले देश र अर्थतन्त्रलाई फाइदाभन्दा बेफाइदा नै बढी भएको देखिन्छ । नेकपाका दुई खेमा शक्ति प्रदर्शनसहित अन्य क्रियाकलापमा पनि संलग्न छन् र, आक्रामक किसिमका प्रस्तुति एकअर्काप्रति लक्षित देखिन्छन् । प्रचण्ड/नेपाल समूहले प्रदर्शनी मार्गमा ठूलो भेला आयोजना गरी शक्ति प्रदर्शन गऱ्यो, जसको जवाफ ओलीले केही दिनपछि नै नारायणहिटी अगाडि भेला गरेर दिएका थिए ।

ओलीको भेलामा आफ्नोभन्दा केही हजार बढी नरनारी जम्मा भएको ठानेर हुन सक्छ प्रचण्ड/नेपाल समूहले पुनः पुरानै स्थानमा ठूलो भेला गरी शक्ति देखाए । भीड हेर्दा यो भेलामा पहिलेका दुई प्रदर्शन (आफ्नै र ओलीको) भन्दा ज्यादा नरनारीको उपस्थिति देखिन्थ्यो । ओलीजीको बुटवल प्रदर्शनमा पनि ठूलो भीड एकीकृत भएको देखियो । नेकपाका यी दुई गुटले राष्ट्रको सम्पूर्ण ध्यान आफूतर्फ खिचेको देखिन्छ । नेपाली काङ्ग्रेस (नेका) र अन्य पार्टी तथा सङ्गठनहरूले पनि संसद विघटनका विरुद्ध सभा गर्ने, जुलुस निकाल्ने काम नगरेका होइनन्, तर सभामा उपस्थित भीड र अन्य तामझामका हिसाबले नेकपाका दुई गुट नै आलोपालो शीर्ष स्थानमा देखिन्छन् ।

नेपाली नरनारीहरू विभिन्न भेलाका बारे टिप्पणी गर्छन् र उनीहरूले नेताहरूका विभिन्न अभिव्यक्तिबाट प्रशस्त मनोरञ्जन पनि प्राप्त गरिराखेका छन् । अहिलेको अन्यौल कतिसम्म रहने हो भन्न सकिँदैन तर संसद् विघटनको मुद्दा हेरिराखेको सर्वोच्च अदालत र पार्टी आधिकारिकतावारे बोल्न नसकेको निर्वाचन आयोगले निर्णय नलिँदासम्म यो कम हुने स्थिति छैन ।

अदालतले निर्वाचनको पक्षमा फैसला गरे पनि पार्टी आधिकाकिरतावारे टुङ्गो नलागेसम्म निर्वाचन हुन सम्भव छैन । अदालतले संसद् पुनर्स्थापनाको पक्षमा निर्णय गरे पनि तरङ्गित राजनीति सजिलै स्थिरतातर्फ उन्मुख होला जस्तो लाग्दैन । देशमा धर्म, राजसंस्था, सङ्घीयता आदिबारे आवाज बुलन्द भएका छन् । यी मुद्दाबारे देशको गम्भीर ध्यानाकर्षण हुने बेला आइससकेको आभास सबैलाई गराउँदैछ । यतिबेला शान्ति-सुरक्षाको स्थिति पनि सन्तोषप्रद देखिँदैन । हत्या, बलात्कारका घटनाहरू बढेकै छन् । कञ्चनपुरकी किशोरी निर्मला पन्तको बलात्कार र हत्या भएको धेरै लामो समय बितिसक्दा पनि दोषी पत्ता लगाउन सकिएको छैन भने सुदुरपश्चिमकै एक अर्की अवला विद्यार्थी भागीरथी भट्टको बलात्कारपछि हत्या भएको छ ।

आमनागरिक सङ्घीय र प्रान्तीय सरकार दुवैप्रति असन्तुष्ट र आक्रोशित छन् । राजनीतिक गर्मीका बेला यति गम्भीर विषय पनि ओझेलमा पर्ला कि भन्ने डर धेरैजसोमा देखिन्छ । विद्यमान चरम राजनीतिक अस्थिरता र यस्तै अप्रिय घटनाहरूले कोभिड-१९ ले चोटग्रस्त नेपालको अर्थतन्त्रलाई थप असक्त बनाउँदै लगेको छ ।

हाम्रो आर्थिक स्थिति सन्तोषप्रद छ भन्ने ठाउँ पटक्कै छैन । कोभिडको मारमा परेका उद्योगहरू राम्रोसँग चल्न सकेका छैनन् भने हालै गरिएको एक अध्ययनले महामारीका कारण औद्योगिक उत्पादनमा ५० प्रतिशतले ह्रास आएको देखाएको छ । लघु घरेलु उद्योगको उत्पादन क्षमता ७५ प्रतिशतले घटेको भनिएको छ । स्थिर सरकारले तेस्रो वर्ष पनि आफैंले ल्याएको बजेटमा कटौती गरेको छ । पुँजीगत खर्च रु. २८३ अर्ब, विनियोजित रकमको ८०.२० प्रतिशत कायम गरिएको छ भने चालु खर्च विनियोजनको ९६.४० प्रतिशत कायम छ । यी तीन बजेटमा गरिएका बाहेक देउवा सरकारले छाडेर गएको बजेटमा पनि उल्लेख्य कटौती यो सरकारले गरेको थियो, युवराज खतिवडा अर्थमन्त्री छँदा । सरकारको खर्च गर्ने क्षमता बुझेकाहरूले वैशाखमा निर्वाचन भइहाले पनि आवश्यक रकम व्यवस्था गर्न हालका अर्थमन्त्री पौडेललाई केही समस्या नपर्ने कुरा पुष पहिलो हप्तामै बुझिसकेका थिए ।

अनुकुल मौसमका कारण धान उत्पादनमा ठूलो वृद्धि (७१ हजार टनले बढी ५६ लाख टन पुगेको) भए पनि अर्बौंको चामल विदेशबाट आयात भएको छ । समग्रमा भने आयात घटेकोले व्यापार घाटामा केही सुधार देखिन्छ तर यो अस्थाइ हो र हाम्रो बाह्य क्षेत्र ठूलो समस्यामा छ, यसमा सुधार गर्न अबेर भइसकेको छ ।

मूलतः आन्तरिक उत्पादनमा वृद्धि गरेर यो विषम परिस्थितिमा नेपाल सरकार र यसअन्तर्गतका अन्य सम्बन्धित निकायहरूले आवश्यक ध्यान पुऱ्याउन नसकेको गुनासो उच्चमी, व्यापारी र कृषकहरूको समेत रहेको छ । केही निकायहरूले प्रयत्न नगरेका भने होइनन्, जस्तै- नेपाल राष्ट्र बैंक (नेराबैं)ले कोभिड समस्याको माझमा ब्याजदरमा कमी ल्याउने, पुनर्कर्जाको व्यवस्था मिलाउने काम गरेको हो र हाल पनि केन्द्रीय बैंकले आफ्नो मौद्रिक नीतिमा केही थप व्यवस्था गरी सिथिल अर्थतन्त्र र व्यवसायलाई राहत पुऱ्याउने काम गरेको छ । कर्जा पुनर्तालिकीकरण गर्न पाउने समयमा थप कर्जाको ब्याजलाई वाञ्छित सीमामा राख्ने प्रयत्न राम्रा छन् र राम्रो गर्ने छन्, कार्यान्वयनमा ढिलाइ नभएमा । मुद्रास्फीति दर पनि अनियन्त्रित देखिँदैन भने विप्रेषणमा पनि अनुमान गरेजस्तो कमी आएको छैन । भटमासको तेल निर्यातमा यो आर्थिक वर्ष (आव) को ६ महिनामा भएको २८९ प्रतिशतको वृद्धि पनि हर्षको विषय नै हो । तर हामी अझ खुशी त्यसबेला हुन्थ्यौं जब हामीलाई भनिन्थ्यो कि नेपालमै उत्पादित भटमासको तेल निर्यातमा तेब्बर वृद्धि भयो । यहाँ उल्लेख गर्नुपर्ने हुन्छ कि विदेशी विनिमय खर्चेर नेपालले भटमासको कच्चा पदार्थ अर्जेन्टिना, ब्राजिल समेतबाट आयात गर्छ र तेलको पुनः निर्यात हुन्छ भारतमा, साधारण प्रशोधनपश्चात् । हामी डलर तिरेर किनेको वस्तु भारतीय रुपैयाँमा बेच्छौं । हुन त भारतसँग ठूलो व्यापार घाटा व्यहोरेको नेपाललाई भारुको अभाव परिरहन्छ र बेलाबखत डलर बेचेर भारु किन्न पनि परिरहन्छ ।

अहिलेको भटमासको तेल र हिजोको ठूलो मात्रामा निर्यात हुने पाम आयालको कुरा एउटै हो । बुझ्नुपर्ने कुरा के हो भने पुनः निर्यातअघि यी वस्तुमा कति मूल्य अभिवृद्धि भयो ? भारत सरकारको सानो नीतिगत परिवर्तनले पामआयलको यो दुर्दशा भएको छ भने भटमासको तेलको हालत पनि त्यस्तै नहोला भन्न सकिन्न भन्नेतर्फ हाम्रो ध्यानाकर्षण हुन आवश्यक छ ।

यसपटक हाम्रै अलैंचीको निर्यात पनि ५१ प्रतिशतले बढेको बुझिन्छ, जुन खुशीको कुरा हो । अलैंची, अदुवा, लसुन, बेसार जस्ता वस्तुहरूको उत्पादन बढाइ, देशैमा यथोचित प्रशोधन गरी निर्यात गर्ने व्यवस्था हुनुपर्छ । कुनै वस्तु निर्यात हुन्छ भने सो वस्तुको आयात पटक्कै हुनु हुँदैन भन्ने होइन । आयातभन्दा बढी निर्यात हुन आवश्यक छ, जस्तै केही वर्षअघिदेखि चियाको स्थिति छ । हाम्रा केही वस्तुको मनग्य उत्पादन र आवश्यक थप व्यवस्थासहित यी वस्तुहरूले आन्तरिक र बाह्य बजारमा मूल्य र गुणस्तरको आधारमा विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न सक्नुपर्छ । कुनै पनि राष्ट्रले आफ्नो उत्पादनहरूलाई लामो समयसम्म अनुदानका आधारमा संरक्षण प्रदान गर्न सक्दैन र पाउँदैन पनि । हाम्रो जस्तो ठूलो व्यापार घाटा व्यहोर्नु परेको देशले भने केही वर्ष केही उत्पादनलाई संरक्षण नगरी नहुने स्थिति छ । कमजोर उत्पादन स्थिति वा आधार नै हाम्रो मूल समस्या हो ।

निराशा र अन्यौलका माझ जुम्लाबाट एउटा सुखद् समाचार सुनियो कि लोकप्रिय उत्पादन जुम्ली मार्सी चामल र सिमीको विदेशी बजारमा पनि माग हुन थालेछ । यो मागलाई ध्यान दिँदै मार्सी चामल, कोदो र सिमीजस्ता उत्पादन पहिलो पटक ठूलो परिमाणमा क्यानडा पठाउने तयारी हुँदैछ । एक महिनाभित्र जुम्लाका करिब २० टन उत्पादन क्यानडा पठाउने सबै व्यवस्था मिलिसकेको अवगत भएको छ । शुद्धता कायम गरि सफा किसिमले यी जुम्ली उत्पादन विदेश पुगेमा नेपाली वस्तुहरूको माग बढ्ने निश्चितप्रायः छ र, यो उदाहरणले नेपालका अन्य भागमा बस्ने नेपालीहरू प्रोत्साहित नहोलान् भन्न सकिन्न ।

यहाँ भन्नैपर्ने हुन्छ कि नेपालले चामल, भटमास, कोदो आदि धेरै कृषिउपजहरू आयात गरिराखेको परिप्रेक्ष्यमा आन्तरिक उपभोगमा प्रयोग गरी यी वस्तु किन विदेश पठाउने भन्ने विचार पनि आउन सक्छन् । तर बुझ्नुपर्ने कुरा के हो भने यी जुम्ली उत्पादनले राम्रो मूल्य पाउँदैछन् देशमा भन्दा बढी र, आमनेपाली हाल जुम्ली मार्सी उपभोग गर्न सक्ने स्थितिमा पनि छैनन् । महँगा बस्तु धनी विदेशीलाई बेचेर सस्ता वस्तु उपभोग गर्ने स्थिति हो, हालको हाम्रो । जुम्लामा भएको क्रियाकलापलाई सङ्घीय र प्रान्तीय सरकारले पनि सहयोग र संरक्षण गर्नुपर्छ ।

घरवासमा लोकसंस्कृति र पञ्चेबाजा

कृष्ण आचार्य / भरतपुर

चितवनको माडीमा ग्रामीण पर्यटनको विकास र प्रवर्द्धनमा टेवा पुर्‍याउने उद्देश्यले घरबास (होमस्टे) सञ्चालनमा ल्याइएको छ । पर्यटकीय दृष्टिकोणले निकै सम्भावना भएर पनि ओझेलमा रहेको क्षेत्रलाई नमूनास्थलका रूपमा चिनाउन घरबासको शुरुआत गरिएको हो ।

माडी नगरपालिका-६ लक्ष्मीनिवासमा माडी भ्यू सामुदायिक घरबास दुई महिनादेखि सञ्चालनमा आएको सञ्चालक समितिका अध्यक्ष खडानन्द अधिकारीले बताए । घरमै पर्यटन व्यवसाय गर्न सकिन्छ भन्ने लागेर घरबास सञ्चालन गरिएको उनले बताए । 'गाउँ सुनसान भयो । भएका मानिसहरू पनि शहर जान थाले । गाँउमा बस्नेले पनि झुप्रो बनाएर बस्न थाले । जग्गा बाँझो छ । यसलाई पनि सदुपयोग गरौं भन्ने लाग्यो', अधिकारीले भने ।

एघार घरपरिवार मिलेर घरबास सञ्चालन गर्न शुरु गरे पनि अहिलेसम्म छ घरधुरीले मात्र घरबास निर्माण गर्न सफल भएका छन् । अरु घर निर्माण गर्ने क्रममा छन् । घरबास निर्माणका लागि कल्याणपुर मध्यवर्ती सामुदायिक वन र रेवा मध्यवर्ती उपभोक्ता समितिले रु तीन लाख ५० हजार सहयोग गरेका छन् । स्थानीय सरकारबाट भने कुनै सहयोग नपाएको अधिकारीले बताए ।

घरबासमा रहेका पाँच घरमा १९ शय्या छन् । एउटा घर रु सातदेखि आठ लाखमा तयार भएको छ । दुई महिनाको अवधिमा ५०० पाहुनालाई स्वागत गरिसकिएको घरबास सञ्चालक समितिका सचिव प्रेम विष्टले जानकारी दिए । 'शान्त ठाउँ छ । शहरको कोलाहलबाट केही समय भए पनि शान्त हुन यहाँ आउन सकिन्छ । यहाँको संस्कृति बुझ्न र खानपानका परिकारमा रमाउन यहाँ आउन आग्रह गर्छौं', उनले भने ।

घरबासमा आउने पाहुनाका लागि घुमाउन पुष्पमदन स्मृति बाटिका छ । सङ्ग्रहालय र वनभोज स्थल तयारी अवस्थामा छ । बाटिकामा रहेको दृश्यावलोकन स्तम्भबाट माडीको फाँट, नवलपुरको दाउन्ने क्षेत्र र धौलागिरि, अन्नपूर्णलगायतका हिमाल देख्न सकिन्छ । मूर्ति राख्ने संरचना, फुलबारी, कम्पाउण्ड निर्माण र खानेपानीको काम भइरहेको छ ।

स्मृति बाटिका निर्माणका लागि गत वर्ष वाग्मती प्रदेश सरकारले रु ७२ लाख बजेट विनियोजन गरेको थियो । यस वर्ष पनि प्रदेश सरकारबाट रु ४० लाख र सङ्घीय सरकारबाट रु १० लाख बजेट विनियोजन भएको छ । पुष्पमदन स्मृति बाटिका जननेता मदन भण्डारी र कुशल सङ्गठक जीवराज आश्रितको अस्तु विसर्जन गरेको ठाउँ हो ।

संस्कृति र प्रकृतिलाई पर्यटनसँग जोडेर आयआर्जन गर्ने अवधारणाका साथ घरबास सञ्चालन गरिएको सल्लाहकार श्रीप्रसाद दवाडीले बताए । 'हामीले यो काम गर्न ढिलो गरे जस्तो लाग्छ । घरबास थोरै भएको छ । थप्ने तयारीमा छौं । विदेश गएर फर्किएकाहरू पनि घरबासमा आबद्ध भएका छन् । अन्यलाई पनि फर्कन आग्रह गरिरहेका छौं', उनले भने । राज्यका निकायबाट सहयोग प्राप्त भए अझै आठदेखि १० घरबास तत्काल थप्न सक्ने अवस्था रहेको उनले बताए । घरबासमा आवासीय तालिम हलको अभाव रहेको दवाडीको भनाइ थियो ।

भरतपुर-माडी-ठोरी हुलाकी राजमार्गको तमुचोकबाट साढे दुई किलोमिटरको दूरीमा घरबास पुग्न सकिन्छ । घरबासको एउटा कोठाको रु ५०० लिइन्छ । एउटा कोठामा तीनवटा शय्या छन् । सादा खानाको रु एक सय ५० लिइन्छ । सादा खानामा दूध, दही र घ्यूमध्ये एक अनिवार्य गरिएको छ । चिकन खाना एक सय ५० र मटन खानाको रु ३०० मूल्य तोकिएको छ । घरबासमा आउने पाहुनालाई स्वागत सत्कारसँगै पञ्चेबाजा बजाइन्छ । लोकसंस्कृति र भजनले मनोरञ्जन प्रदान गरिन्छ । पुराना संस्कृतिहरू लोप हुने अवस्थामा रहेका कारण त्यसको जगेर्ना गर्न र पाहुनालाई मनोरञ्जन प्रदान गर्न लोकभजन गाउने गरिएको सल्लाहकार दवाडीले बताए । क्षत्री र बाहुन बाहुल्य गाउँमा सबै समुदायका मानिसहरूको बसोबास छ ।

सडक दुर्घटनामा दुईको मृत्यु

टुडे एक्सप्रेस / बाँके

बाँकेको कोहलपुरमा मंगलवार भएको सडक दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने दुईजना घाइते भएका छन् । कोहलपुर नगरपालिका-३ किरणनाला नजिकै पूर्वपश्चिम राजमार्गमा बर्दियातर्फ जाँदै गरेको भे १ख २२३९ नं को बस र कोहलपुरतर्फ आउँदै गरको भे १ प ५६१ नं को मोटरसाइकल एकआपसमा ठक्कर खाँदा मोटरसाइकल चालक कोहलपुर नगरपालिका- ३ निवासी २५ वर्षीय वीरेन्द्र शाहीको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख प्रहरी निरीक्षक राजु भण्डारीले जानकारी दिए ।

उनका अनुसार, दुर्घटनामा परी घाइते भएका साइकल चालक छेडा नगरपालिका जाजरकोट निवासी प्रदीप आचार्यको अवस्था गम्भीर रहेको छ भने पैदलयात्री कोहलपुर ३ का १९ वर्षीय प्रकाश महतराको अवस्था सामान्य रहेको छ । घाइतेहरूको कोहलपुरस्थित शिक्षण अस्पतालमा उपचार भइरहेको छ । बस चालक फरार रहेका छन् ।

बाँकेकै राप्तीसोनारी गाउँपालिका-९ ढकेरीमा सोमवार राति ना ८ च ५४५६ नं को टिपरले सडकमा गुडिरहेका दुई मोटरसाइकललाई ठक्कर दिँदा राप्तीसोनारी गाउँपालिका- ५ बस्ने २५ वर्षीय ढकबहादुर खड्काको मृत्यु भएको छ ।

दुर्घटनामा मृतकका दाजु ३५ वर्षीय मानबहादुर खड्का गम्भीर घाइते भएको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक रवीन्द्र खनालले जानकारी दिए । उनका अनुसार, टिपरले मृतक खड्का सवार भेटप ३७९५ नं को मोटरसाइकल र भेप ३८८९ नं को मोटरसाइकललाई एकैपटक ठक्कर दिएको थियो ।

दुर्घटनामा ५१ वर्षीय सञ्जय चन्द घाइते भएका छन् । दुई मोटरसाइकललाई ठक्कर दिएर फरार भएको टिपर र चालकलाई सोमवार राति नै नियन्त्रणमा लिएर आवश्यक कानूनी प्रक्रिया अगाडि बढाइएको उपरीक्षक खनालले बताए ।

उपमहानगरपालिका मातहतमा खानेपानी

टुडे एक्सप्रेस / धरान

धरानमा खानेपानी वितरण गर्दै आएको खानेपानी संस्थानको शाखालाई धरान उपमहानगरको खानेपानी व्यवस्थापन बोर्डमा गाभिएको छ ।

उपमहानगरपालिका तथा बोर्डले संस्थानको जिम्मा लिएको सार्वजनिक नगरिए पनि सोमबारदेखि मर्ज गरिएको बोर्डले जनाएको छ । बोर्डका कार्यकारी निर्देशक राजु पोखरेलका अनुसार संस्थानको सम्पत्ति, दायित्वलाई बोर्डमा हस्तान्तरण गरिएको छ । गाभिएका विषयमा उपमहानगरपालिकाले पत्रकार सम्मेलन गरेर नगरवासीलाई जानकारी गराउने तयारी भएको निर्देशक पोखरेलले जानकारी दिए ।

संस्थानका कुन कुन कर्मचारी बोर्डमा रहने र कोको संस्थामै फर्कने भन्ने कर्मचारीलाई रोज्न लगाइएको बताइएको छ । यसअघि ४३ कर्मचारी बोर्डमा रहन इच्छुक भएका थिए । सोही अनुसार नामको सूची बोर्डमा पठाइएको थियो । पछिल्लो समय संस्थान जिम्मा लिएर बोर्डमा मर्ज नगरेको भन्दै कार्यपालिका बैठक र गएको नगरसभाको उद्घाटनको दिन चर्को विरोध भएपछि सभा नै स्थगित भएको थियो ।

यसपछि नगरप्रमुखलाई संस्थानको सम्पत्ति तथा दायित्व छिट्टो जिम्मा लिन दबाबमा परेको थियो । जनप्रतिनिधिले आठौं नगरसभा रोक्ने गरी विरोधमा उत्रिएपछि फागुन २१ गतेभित्रै संस्थान जिम्मा लिएर मर्ज गर्ने र एकद्वार प्रणालीबाट पानी खुवाउने प्रतिबद्धता उहाँले जनाएअनुसार मर्ज गरिएको हो ।

जथाभावी फोहोर फ्याँकेकामा जवाफ दिन आदेश



टुडे एक्सप्रेस / झापा

उच्च अदालत विराटनगर, इलाम इजलासले प्रदेश नं १, उद्योग, पर्यटन तथा वन मन्त्रालय तथा झापाको मेचीनगर, बिर्तामोड र भद्रपुर नगरपालिकालाई १५ दिनभित्र फोहोरमैला व्यवस्थापनसम्बन्धी जवाफसहित हाजिर हुन आदेश गरेको छ ।

मेचीनगर नगरपालिका-७ का होमनाथ प्रसाईंले झापाको मेचीनगर, बिर्तामोड र भद्रपुर नगरपालिकाले जथाभावी फोहोरमैला फ्याँकेर वातावरण प्रदूषित तुल्याएको आरोप लगाउँदै मन्त्रालय र तीनवटा स्थानीय तहलाई विपक्षी बनाई परमादेश आदेशको मागसहित सोमबार इलाम इजलासमा रिट दर्ता गरेको थियो ।

उच्च अदालतका न्यायाधीश विष्णुप्रसाद कोइरालाले रिट सम्बन्धमा सोमबार पहिलो सुनुवाइ गर्दै विपक्षीहरूका नाममा परमादेश किन जारी नगर्नु पर्ने हो त्यसको जवाफसहित अदालतमा उपस्थित हुन आदेश जारी गर्नुभएको निवेदकका पक्षबाट बहस गर्नुभएकी अधिवक्ता हेमकला कट्टेलले बताए ।

नेपालको संविधानको धारा-३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुने उल्लेख भएको जनाउँदै रिट निवेदक प्रसाईंले नगरपालिकाहरूले राजमार्ग किनारमा फोहोर फ्याँक्ने र ढढाउने गरेको, नदी किनारमा फोहोर विसर्जन गरेको, आगो लगाएर फोहोर ढढाउने कार्य गरी वातावरणमा विषाक्त प्रदूषण फैल्याउने गरेको र ल्यान्डफिल्ड साइटको व्यवस्था नगरेको आरोप लगाएका छन् ।

अधिवक्ता कट्टेलका अनुसार निवेदकले मन्त्रालय र नगरपालिकाहरूलाई ल्यान्डफिल्ड साइटको व्यवस्था गर्न लगाउन, कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै गाडीबाट सङ्कलन गराउन, राजमार्ग किनार र नदीहरूमा फोहोर विसर्जन नगर्न र ढढाउने कार्य रोक्न, नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको प्रत्याभूति गर्न परमादेश आदेश जारी गरिनुपर्ने माग गरेका छन् ।

रिट निवेदकका तर्फबाट अधिवक्ता हेमकला कट्टेल र अधिवक्ता पदमबहादुर श्रेष्ठले बहस पैरवी गरेको थियो । वातावरणसम्बन्धी स्वच्छता कायम राख्ने विषय शीघ्र किनारा लाग्नुपर्ने देखिएको हुँदा यो मुद्दालाई अग्राधिकार दिनेसमेत अदालतबाट आदेश भएको कट्टेलले बताए ।

झापाका नगरपालिकाहरूले फोहोरमैला व्यवस्थापनमा गरिरहेको लापरवाही रोक्न माग गर्दै मेचीनगर-७ का होमप्रसाद प्रसाईं र भद्रपुर-९ का कमलप्रसाद राजवंशीले मेचीनगर, बिर्तामोड र भद्रपुर नगरपालिकामा ज्ञापनपत्र पेश गरेको थियो ।

करेन्ट र विष प्रयोग रोक्न माग

टुडे एक्सप्रेस / खोटाङ

जनता समाजवादी पार्टी खोटाङले गठन गरेको सुरक्षा दलले माछा मार्नेक्रममा स्थानीय खोलामा विष लगाउने, करेन्ट लगाउने र ब्लाष्टिङ गर्नेलगायतका गतिविधिलाई रोक सम्बन्धित पक्षलाई लगाउन आग्रह गरेको छ ।

विष, करेन्ट र ब्लाष्टिङको प्रयोग गर्दा खोलामा भएका सबै किसिमका जलचरको अस्तित्व नै समाप्त हुने र कतिपय अवस्थामा करेन्ट लाग्दा मान्छेको ज्यान नै जाने गरेको उदाहरण प्रस्तुत गर्दै सुरक्षा दलले पर्यावरणको संरक्षण गर्दै माछाबाट आर्थिक उपार्जनमा टेवा पुग्ने किसिमका कार्यक्रम सञ्चालन गर्न जिल्लास्थित स्थानीय सरकार, जिल्ला प्रशासन र सुरक्षाकर्मीको ध्यानाकर्षण गराएको हो ।

जिल्लाको रावाखोला, साप्सुखोला, बुवाँखोला, टुवाखोला, सावाखोला तथा अन्य साना खोलाखोल्सीमा भएका माछालाई जैविक विविधतामा असर नपुग्नेगरी उचित समयमा सही विधि अपनाएर मार्ने र आर्थिक आयआर्जनमा टेवा पुग्नेगरी जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्नपर्ने सुरक्षा दलका संयोजक टीकाराम राईले बताए । स्वादिलो र सबैको रोजाइमा पर्ने असला जस्ता माछालाई जिल्लाकै बलियो आयस्रोतको माध्यम बनाउन तथा पर्यटकीय आकर्षणको रुपमा पनि विकास गर्न सकिने संयोजक राईले बताए । गत पुस २५ गते गठन गरिएको १०१ सदस्यीय सुरक्षा दलले पर्यवरणको संरक्षण गर्दै खोलाको माछा मार्ने उपयुक्त विधि अवलम्बन गर्न जिल्लास्तर र पालिकास्तरमा सचेतनामूलक कार्यशालाको आवश्यकता औंल्याएका छन् ।

जिल्लाका कतिपय स्थानीय तहले असला माछा मार्न रोक लगाए पनि करेन्ट तथा विष प्रयोग गरेर मार्ने गरेका छन् । केपिलासगढी गाउँपालिकाले करेन्ट तथा विष लगाएर माछा मारेको जानकारी दिने व्यक्तिलाई पुरस्कार दिनेसमेत घोषणा गरेको छ ।

यद्यपि, स्थानीय खोलामा करेन्ट तथा विष लगाएर माछा मार्नेक्रम जारी नै रहेको स्थानीय बासिन्दाले बताएका छन् । करेन्ट लगाएर माछा मार्नेक्रममा यही फागुन १२ सकेला गाउँपालिका-४ मात्तिमका ३७ वर्षीय नीरकुमार राईको मृत्यु भएको थियो ।

पर्यटन व्यवसायी घिमिरेको 'उनले जस्तै' सार्वजनिक

टुडे एक्सप्रेस / चितवन

पर्यटन व्यवसायी सुमन घिमिरेको 'उनले जस्तै..' बोलको गीत सार्वजनिक भएको छ । चर्चित गायक नरेन्द्र प्यासीको स्वर र सङ्गीत रहेको गीत सोमबार साँझ सार्वजनिक गरिएको हो । विशाल इन्टरटेनमेन्ट नामक युटुबमार्फत गीत सार्वजनिक गरिएको हो ।

गीतमा मायामा धोका खाएको प्रेमीले कल्पिएका कुराहरू समावेश गरिएको छ । गीतका रचनाकार घिमिरेका अनुसार एउटा प्रेमीकाले धोका दिएको प्रेमी फेरि अर्की प्रेमिकाले राखेको प्रेम प्रस्तावलाई अङ्गीकार गर्नुअघि कल्पना गरेका कुराहरूलाई गीतमा समेटिएको छ ।

विभिन्न पुस्तक प्रकाशन गरिसकेका घिमिरेले 'उनले जस्तै..' उत्कृष्ट गीत रचना गरेका छन् । घिमिरेको 'मेरो बैंशको क्यालेण्डर' कविता सङ्ग्रह र 'मौनता' उपन्यास प्रकाशित भइसकेका छन् । 'सुनको टप' नामक कविता सङ्ग्रह प्रकाशनको तयारीमा रहेको छ ।

सार्वजनिक गीतको भिडियो राज केसीको निर्देशन तथा रमेश थापाको सम्पादनमा तयार गरिएको घिमिरेले जानकारी दिए ।

संसद् भवन भित्र बलात्कारको मामिलामा

अष्ट्रेलियाका प्रमले श्रीमतीको कुरा कोट्याएपछि...

बिबिस / एजेन्सी



१५ दिनअघि अष्ट्रेलिया एक पूर्व राजनीतिक सल्लाहकारले आफूमाथि संसद् भवन भित्र बलात्कार भएको खुलासा गरेकी थिइन्। ब्रिटनी हिगिन्सले आफूलाई एक पुरुष सहकर्मीले यौन हमला गरेको जानकारी दिइन्। उनका अनुसार ती व्यक्ति सत्ताधारी लिबरल पार्टीको सरकारमा सन् २०१९ मा एक मन्त्रीका सल्लाहकार थिए।

ब्रिटनी हिगिन्सले यस्तो खुलासा गरेपछि थुप्रै महिला बाहिर निस्किए र अष्ट्रेलियाको राजनीतिमा यौन हमलाको आ-आफ्ना अनुभव साझा गरे। यीमध्ये सबैभन्दा विस्फोटक सन् १९८८ को एक बलात्कारको आरोप छ। यो मामिला एक अज्ञात क्याबिनेट मन्त्रीको हो।

अष्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले मन्त्रीले बलात्कारको आरोप अस्विकार गरेको बताएका छन्। प्रहरीसमक्ष एक विपक्षी सांसदमाथि बलात्कारको अभियोग पनि आइपुगेको छ। यस्ता आरोपको बाढीले अष्ट्रेलियाको मोरिसन सरकार जवाफदेही हुनुपर्ने दबाब आएको छ।

ब्रिटनी हिगिन्सका अनुसार त्यतिबेला आफू २४ मात्रै भएको र आफूले जे कल्पना गर्थिन्, त्यो जागिर खान पाउँदा निकै उत्साहित भएको र कार्यालय जान थालेको केही हप्तामात्रै भएको थियो। मार्च सन् २०१९ मा एक वरिष्ठ सहकर्मीले उनलाई नाइट आउटपछि संसद्भवन लिएर गएका थिए। असाध्यै रक्सी पिएका कारण मन्त्रीको कार्यालयमा नै ब्रिटनीलाई निद्रा लाग्यो। उनी ब्यूझिँदा ती व्यक्तिले उनीमाथि यौन हमला गरेको भन्ने आफूलाई थाहा भएको ब्रिटनीले बताइन्।

ती व्यक्तिलाई केही दिनमा नै बर्खास्त गरियो। उनी फायर हुनुका कारण यौन हमला त थियो नै उनले कार्यालयको सुरक्षा नियम पनि तोडेका थिए किनभने राती संसद् भवनमा जान पाइँदैनथ्यो। यसैबीच ब्रिटनीले आफ्नी बोस र तत्कालीन सुरक्षामन्त्री लिन्डा रेनल्ड्सलाई आफूमाथि यौन हमला भएको जानकारी दिएकी थिइन्। लिन्डासँग उनको कुरा त्यहि कोठामा भयो जहाँ ब्रिटनीले यौन हमलाको आरोप लगाएकी थिइन्। यता लिन्डाले ब्रिटनीलाई समर्थन गर्ने विश्वास दिलाएर प्रहरीमा उजुरी गर्न सल्लाह दिइन्।

ब्रिटनीले भनिन्, 'म दबावमा थिएँ, यसो गर्दा कतै मेरो जागिर नै जाने त होइन भन्ने लागेको थियो। मलाई लिबरल पार्टीले चुप गरायो। तर मैले त्यतिबेला बोल्ने निर्णय गरेँ जब मैले जनवरीको महिनामा एउटा तस्बिर देखेँ जसमा मोरिसन यौन हमलाविरुद्ध कुरा गरिरहेका थिए।'

ब्रिटनीले न्यूज डट कम एयूसँग भनिन्, 'मरिसन नजिकै एक महिला उभिएकी थिइन् जसले यौन हमला झेलिसकेका महिलाको अधिकारका लागि अभियान चलाउने गर्छिन्। मैले सोचेँ - एकातिर यो तस्बिर छ र अर्कोतर्फ यसको सरकारले मलाई चुप गराउन लागीपरेको छ। यो त धोका हो। झुटो हो।' ब्रिटनी हिगिन्सले आफ्नो कहानी स्थानीय मिडियासँग बताइन्।

ब्रिटनी सार्वजनिक भएपछि अष्ट्रेलियाली प्रधानमन्त्रीले माफी मागे। दुई वर्ष अघि ब्रिटनीको ऊजुरीलाई जसरी सम्बोधन गरियो, त्यसका लागि उनले अफसोस व्यक्त गरे। प्रधानमन्त्रीले संसदमा कार्य संस्कृति र राजनीतिक कर्मचारीको मद्दतका लागि अनुसन्धान गर्ने बचन दिए। यो मामिलामा मोरिसनको एक टिप्पणीको विषयमा अत्यधिक चर्चा भयो। मोरिसनले भने, 'ब्रिटनीमाथि जे भयो त्यसलाई मैले त्यतिबेला थप स्पष्टसँग बुझेँ जब मलाई मेरी श्रीमतीले 'आफ्ना दुई छोरीलाई ध्यानमा राखेर पूरा घटना हेर्नुहोस्' भनिन्।'

मोरिसनले पत्रकारसमक्ष भने, 'मेरी श्रीमतीले मलाई 'तिमीले यो मुद्दालाई एक पिताको रुपमा हेर्नुपर्छ, यदि तिम्रा छोरीहरू माथि यस्तो भएको भए तिमी के गर्दथ्यौ ?' भनिन्। मोरिसनको यो कुराका लागि आलोचना भइरहेको छ। मानिसहरूले 'न्याय दिलाउनका लागि पिता नै हुनुपर्छ भन्ने छैन, प्रधानमन्त्री भएर पनि उनले यस्तो गर्न सक्छन्' भनेर टिप्पणी गरिरहेका छन्। थुप्रै महिलाले 'अष्ट्रेलियालाई पिता होइन एक प्रधानमन्त्रीको आवश्यकता भएको' बताए। प्रधानमन्त्री स्कट मोरिसनले यो मामिलालाई गम्भीरताका साथ नलिएको भन्ने आरोप लागेको छ। मोरिसन र उनका मन्त्री प्रश्नबाट बच्न खोजेको पनि आरोप लगाएका छन्। मानिसहरूले सोधिरहेका छन्, 'सरकारभित्र यो मामिलाबारे कसलाई थाहा थियो र कहिले थाहा भयो। थाहा भइसकेपछि पनि न्याय दिलाउन कति के गरियो ?' यो घटनाबारे मोरिसनका कम्तीमा तीन मन्त्रीलाई थाहा थियो। मोरिसनले देशका मानिसहरूले जब यो घटनाबारे थाहा पाएँ, आफूले पनि यसबारे त्यति नै बेला थाहा पाएको बताए। यद्यपि, ब्रिटनी हिगिन्सले प्रधानमन्त्रीको तर्फबाट पीडितमाथि नै आरोप लगाउने मानसिकताले आफूलाई तनावमा पारेको बताएकी छिन्।

उनी भन्छिन्, 'यो मेरो मात्रै होइन, यो अनगिन्ती अन्य पीडितका लागि पनि हो।'

अन्य महिला पनि सार्वजनिक

ब्रिटनी हिगन्सपछि अन्य चार महिला पनि स्थानीय मिडियामा सार्वजनिक भए र उनले यौन हमला र उत्पीडनको आरोप लगाए। एक महिलाले द अष्ट्रेलियनसँग भने, 'सन् २०२० मा एक पुरुषले मेरो बलात्कार गरे। उनीसँग मैले ड्रिङ्क र डिनर गरेकी थिएँ।

यदि सरकारले सन् २०१९ मा ब्रिटनीमाथि भएको घटनालाई राम्रोसँग ह्यान्डल गरेको भए ममाथि सन् २०२० मा यस्तो हुने थिएन।'

अर्की एक महिलाले भनिन्, 'सन् २०१७ मा एक नाइट आउटपछि ममाथि बलात्कार भएको थियो।' अर्की तेस्रो महिलाले एबीसीसँगको कुराकानीमा ब्रिटनी हिगिन्सले आवाज उठाएपछि प्रहरीले रिपोर्ट दर्ता गरेको बताएकी छिन्।

ती महिलाका अनुसार सन् २०१७ मा उनी आफ्ना सहकर्मीसँग डिनरमा जाँदा एक व्यक्तिले उनको तिघ्रा सुम्सुम्याएका थिए।

अघिल्लो बुधबार चौथी महिलाले न्यूज डट कम डट एयूसँग एक व्यक्तिले आफूमाथि यौन सम्बन्धका लागि दबाब दिएको बताइन्। ब्रिटनी हिगिन्सको मामिलामा अष्ट्रेलियाका केही सांसद मौन बसिरहेका छन्।

सार्कोजीलाई तीन वर्ष जेल सजाय

सिएनएन / एजेन्सी

टुडे एक्सप्रेस,काठमाण्डौ

पूर्व राष्ट्रपति निकोलस सार्कोजीलाई फ्रान्सको अदालतले तीन वर्ष जेल सजाय सुनाएको छ। सार्कोजीले आफूविरुद्ध लागेको एक आपराधिक आरोपबारे सूचना उपलब्ध गराउन सरकारी अधिकारीलाई राम्रो जागिरको अफर गरेको आरोपमा अदालतले जेल सजाय तोकेको समाचार संस्था सीएनएनले जनाएको छ।

सार्कोजी फ्रान्समा जेल सजाय हुने पहिलो राष्ट्रपति हुन्।

६६ वर्षीय सार्कोजीले सजाय भएकामध्ये दुई वर्ष जेलमा र बाँकी एक वर्ष घरमै बस्न सक्ने बताइएको छ। सार्कोजी सन् २००७ देखि १२ सम्म फ्रान्सको राष्ट्रपति रहेका थिए। सार्कोजीका कानुन व्यवसायी र उनले घुस अफर गरेका सरकारी अधिकारीलाई पनि तीन वर्ष जेल सजाय सुनाइएको छ। सार्कोजीका कानुन व्यवसायी र सरकारी अधिकारीबीच भएको टेलिफोन कुराकानी सन् २०१४ मा प्रहरीले टेपिङ गरेको थियो।

सार्कोजीलाई आफूले गरेको काम गलत थाहा हुँदाहुँदै पनि संलग्न भएको र कानुन व्यवसायीले न्यायालयको छवि बिगारेको न्यायाधीशले उल्लेख गरेका सीएनएनले जनाएको छ। सन् २०१२ को राष्ट्रपतीय निर्वाचनमा आर्थिक अनियमितता गरेको आरोपमा सार्कोजीविरुद्ध मार्च १७ देखि अर्को सुनुवाइ पनि हुँदै छ।

सीडीसीको चेतावनी :

अमेरिकामा कोरोनाको चौथो चरण थप जोखिमपूर्ण

टुडे एक्सप्रेस / काठमाण्डौ

अमेरिकामा कोरोना भाइरस महामारीको चौथो चरण थप जोखिमपूर्ण हुने सीडीसीले चेतावनी दिएको छ।

सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी) का प्रमुख डा. रशेल वालेन्स्कीले तीव्र गतिमा सङ्क्रमण फैलिने कोरोना भाइरसको नयाँ भेरियन्ट जोखिमपूर्ण हुने बीबीसीले जनाएको छ। गएको हप्ता दैनिक औसतमा ७० हजार जनामा सङ्क्रमण देखिएको र त्यो अति उच्च रहेको डा. वालेन्स्कीको भनाइ छ।

गएको हप्ता औषतमा दैनिक दुई हजार अमेरिकीको कोरोनाका कारण ज्यान गएको थियो। डा. वालेन्स्कीले नयाँ भेरियन्टको सङ्क्रमण तीव्र गतिमा फैलिएकोले महामारी नियन्त्रणका लागि बनाएको आधार पनि डगमगाउने खतरा रहेको चेतावनी बताएकी छिन्।

सीडीसीले बेलायत, दक्षिण अफ्रिका र ब्राजिलमा देखिएका कोरोना भाइरसका नयाँ भेरियन्टहरू बढी संक्रामक र जोखिमपूर्ण देखिएको भन्दै सो को नियन्त्रण गर्न थप पहलहरू आवश्यक रहेको बताएको छ।

कोरोना महामारीका कारण विश्वमै सबैभन्दा धेरै प्रभावित भएको अमेरिकामा दुई करोड ९३ लाख १४ हजारभन्दा धेरैमा सङ्क्रमण पुष्टि भएको छ भने पाँच लाख २७ हजारभन्दा धेरैको ज्यान गइसकेको छ।

८० वर्ष नाघेकामा जोखिम कम गरिने

इङ्ल्यान्डको एउटा अध्ययनले अक्सफर्ड-आस्ट्राजेनेका अथवा फाइजर-बायोएनटेकको खोप एक मात्रा मात्रै लगाए पनि अस्पताल भर्ना भएरै उपचार गराउनुपर्ने आवश्यकता ८० प्रतिशतभन्दा बढीले कम हुने देखाएको छ। जनस्वास्थ्यसम्बन्धी अध्ययन गर्ने पब्लिक हेल्थ इङ्ल्याण्डले खोप लगाएको तीनदेखि चार हप्तामा असर देखिने जनाएको छ। असी वर्ष उमेर नाघेका र पहिलो खोप लगाएका मानिसहरूमा यो अध्ययन गरिएको हो।

सरकारी वैज्ञानिकले यो अध्ययन गरे पनि उनीहरूले उत्कृष्ट परिणामका लागि भने खोपको दुवै मात्रा लगाउन आवश्यक रहेकोमा जोड दिएका छन्। स्कटल्यान्डको स्वास्थ्य अधिकारीहरूले उस्तै खाले नतिजा सार्वजनिक गरेको एक सातापछि इङ्ल्यान्डको अध्ययन सार्वजनिक भएको हो।

किरण चेम्जोङ आइ लिगमा जम्दै

टुडे एक्सप्रेस / काठमाडौं

नेपाली फुटबल टिमका नम्बर वान गोलकिपर किरण चेम्जोङ भारतमा भइरहेको इन्डियन(आइ) लिग फुटबलमा जमिरहेका छन्। किरणले आइलिगमा पनि नम्बर वान नै प्रदर्शन गरिरहेका छन्।

नेपालले खेलेको विश्वकप छनोटको पछिल्लो खेलमा कुवेतविरुद्ध कप्तानी गरेका किरणले १० खेलमध्ये ६ खेलमा क्लिन सिट, ३ खेलमा म्यान अफ दि म्याच भएका छन्। उनी खेलमा मात्रै हैन टिमको नेतृत्वमा पनि अब्बल देखिएका छन्। किरणले हरेक खेलमा उत्कृष्ट प्रदर्शन गर्दै आएका छन्।

आइलिगमा पहिलो चरणको खेल सकिँदा किरण सम्मिलित टिम राउण्ड ग्लास पञ्जाब १० खेलबाट १८ अंकसहित दोस्रो स्थानमा रहन सफल छ। लिगको दोस्रो चरणमा पहिलो चरणका शीर्ष ६ टिमले प्रतिस्पर्धा गर्नेछन्। अन्तिम खेलमा पञ्जावले नेरोका लाई १-० ले पराजित गर्दै महत्वपूर्ण ३ अंक जोडेको हो। नेरोकाबाट अर्का नेपाली खेलाडी प्रकाश बुढाथोकीले खेलेका थिए।

नेरोकाविरुद्ध साँघुरो जित हात पारेपछि म्यान अफ दि म्याच किरणले टिमले राम्रो खेलेको र महत्वपूर्ण जित भएको बताए। उनले भने, यो हाम्रो लागि यो प्रतिस्पर्धात्मक म्याच थियो। दोस्रो स्थानमा पुग्न जित्नैपर्ने थियो। म्याच टफ भयो। हाम्रो खेलाडीले राम्रो प्रदर्शन गरे। ९० मिनेट राम्रो खेल्यौं र यसमा खुशी छु। किरणले यस सिजन लिगमा १० खेल खेल्दा ६ खेलमा गोल हुन दिएनन्। उनी सर्वाधिक ६ क्लिनसिट राख्ने गोल किपर समेत हुन्।

लिगमा पञ्जाब सबैभन्दा कम गोल वेहोर्नेमा दोस्रो स्थानमा रह्यो। पञ्जावले अवधिभर ७ गोल व्यहोऱ्यो। यसअघि पनि किरणले दुई सिजन पञ्जावी टिमबाट खेलिसकेका छन्। सन् २०१७-१८ मा किरण खेल्दा मिनेर्भा पञ्जावले आइ लिगको उपाधि जितेको थियो। पछिल्लो सिजन भने पञ्जावको प्रदर्शन खासै राम्रो हुन सकेन। यस सिजनमा किरण र पञ्जाव दुवैले राम्रो खेलिरहेको छ। जसमा किरणले उत्कृष्ट प्रदर्शन गरेका छन्। पोष्टमा अब्बल देखिएका किरणले टिमलाई पनि सही नेतृत्व दिएका छन्।

नियमित कप्तान विक्रम जित सिंहको अनुस्थितिमा किरणले नै कप्तानी आर्मब्याण्ड लगाएर नेतृत्व गरेका छन्। किरणले विपक्षी स्ट्राइकरको प्रहारलाई धेरै पटक विफल पारेका छन्। टिमलाई अब्बल नेतृत्व प्रदान गरेका छन्। यस पटक नेपालबाट तीन खेलाडीले आइ लिग खेलेका छन्। जसमा किरणले सुरुवात देखि नै खेले। अन्य दुई खेलाडी अभिषेक रिजाल र प्रकाश बुढाथोकी भने ढिला आबद्ध भएको लिगको पछिल्लो खेलमाहरूमा मात्र खेले। केही समयअघि किरणले भारतीय लिग दक्षिण एसियामा उत्कृट रहेको बताउँदै नेपालबाट अरु खेलाडीले पनि खेलेको हेर्न चाहेको बताएका थिए। अभिषेक रिजालले आइजवाल एफसी र प्रकाश बुढाथोकीले नेरोकाबाट खेले। तर दुवै खेलाडी सम्मेलित टिम शीर्ष ६ मा पर्न सकेन।

अब किरण आबद्ध पञ्जावले दोस्रो चरणमा शीर्ष ६ मा परेका अन्य क्लबसँग १-१ खेल खेल्नेछ। जसमा पहिलो चरणको अंक पनि जोडिनेछ। त्यसपछि बढी अंक जोड्ने क्लब च्याम्पियन हुनेछ।

तेस्रो लिङ्गी प्रहरीमा भर्ना

एजेन्सी

भारतको छत्तिसगढ राज्य सरकारले १३ जना तेस्रो लिङ्गीहरूलाई राज्य प्रहरीमा भर्ना गरेको छ। यति ठूलो सङ्ख्यामा लैङ्गिक अल्पसङ्ख्यकलाई राज्य प्रहरीमा अवसर दिइएको भारतमा यो पहिलो पटक हो।

एकजना अधिकारीका अनुसार उनीहरू प्रतिस्पर्धामार्फत प्रहरी जवान दर्जामा छनौट भएका हुन्। अहिलेसम्म तमिलनाडु र राजस्थान राज्यमा एक-एकजना गरी दुई जना तेस्रो लिङ्गी मात्र प्रहरीमा भर्ती भएका थिए। सन् २०१४ मा सर्वोच्च अदालतले लैङ्गिक अल्पसङ्ख्यकलाई तेस्रो लिङ्गी समुदायको रूपमा मान्यता दिँदै अरूहरू सरह उनीहरूले पनि समान अधिकार पाउने आदेश दिएको थियो।

अधिकारीवादी समूहहरूले भारतमा लैङ्गिक अल्पसङ्ख्यहरूले भेदभावको सामना गर्नुपरेको बताउने गरेका छन्।

हेटौंमा माउन्टेन बाइक च्याम्पियनशीप

टुडे एक्सप्रेस / मकवानपुर

हेटौंडामा आज देखि माउन्टेन बाइक च्याम्पियनशीप सुरु हुने भएको छ।

हेटौंडा जेसीजले आज फागुन १९ गते देखि २२ गतेसम्म मनाउन लागेको जेसीज सप्ताह अन्तर्गत माउन्टेन बाइक च्याम्पियनशीप सहित विभिन्न कार्यक्रम हुने भएको हो।

स्वास्थ्य र पर्यटनसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले मकवानपुरमै पहिलो पटक माउन्टेन बाइक च्याम्पियनशीप (सर्ट ट्रयाक रेस) प्रतियोगिता आयोजना गर्न लागिएको आयोजकले जनाएको छ।सन् २०१७ देखि आयोजना गर्दै आएको साइकल सम्बन्धी प्रतियोगितालाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न प्रतियोगिता आयोजना गर्दै आएको र यस वर्ष भने केही फरकपन दिने उद्देश्यकासाथ माउन्टेन बाइक च्याम्पियनशीप आयोजना गर्न लागिएको हेटौंडा जेसीजका अध्यक्ष लिसेन बस्नेतले जानकारी दिए।

प्रतियोगितामा राष्ट्रिय स्तरका करिब २० खेलाडीको सहभागिता रहने छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः ९ हजार, ६ हजार र ३ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। त्यस्तै आजै मकवानपुर बहुमुखी क्याम्पसमा माविस्तरीय हाजिरी जवाफ प्रतियोगिता आयोजना गर्ने जनाइएको छ। सो प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीले क्रमशः ९ हजार, ६ हजार र ३ हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाण पत्र प्राप्त गर्नेछन्। फागुन २० गते दुर्घटना न्युनीकरणका लागि स्लो बाइक कम्पिटिसन र व्यक्तित्व विकासका लागि अन्तर जेसीज वक्तृत्वकला प्रतियोगिता गर्ने पनि आयोजकले जनाइएको छ।

फागुन २१ गते हेटौंडा उपमहानगरपालिका-१५ चिप्लेटीस्थित विश्व ज्योति आधारभूत विद्यालयका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण गरिने पनि पत्रकार सम्मेलनमा जानकारी गराियो। २२ गते बिहान हेटौंडाको बुद्ध चोकमा रक्तदान कार्यक्रम र सोही दिन सप्ताहव्यापी कार्यक्रमको समापन गरिने अध्यक्ष बस्नेतले बताए।

कोहलीको हण्ड्रेड मिलियन फलोअर्स

टुडे एक्सप्रेस

काठमाडौं। भारतीय क्रिकेट टिमका कप्तान विराट कोहली इन्स्ट्राग्राममा एक सय मिलियन फलोअर्स हुने पहिलो क्रिकेट खेलाडी बनेका छन्। उनी इन्स्टाग्राममा धेरै फलो गरिने खेलाडीमा चौथो स्थानमा छन्। फुटबलर क्रिस्टियानो रोनाल्डो, लिओनल मेस्सी र नेयमार पछि विराटको फलोअर्स धेरै छ। यी तीन फुटबलरसंगै हलिउड एक्टर ड्वाने 'दी रक' जोनसन, अमेरिकी गायक वियोन्स र एरिना ग्रान्डीसंगै विराट कोहली पनि हण्ड्रेस मिलियन क्लबमा पर्न सफल भएका हुन्।

इनस्टाग्राम पोष्टमार्फट सर्वाधिक कमाई गर्ने १० जनाको सूचीमा कोहली एक मात्र क्रिकेटर हुन्। इन्स्टाग्राममा सबैभन्दा धेरै फलोअर्स क्रिस्टियानो रोनाल्डोको २६५ मिलियन रहेको छ।

यस्तै लिओनल मेस्सीको १८६ मिलियन र नेयमारको १४७ मिलियन फलोअर्स छन्।

छापावाल सुन प्रति तोला रु.८७,०००/-
तेजावी सुन प्रति तोला रु.८६,५५०/-
चाँदी प्रति तोला रु.१,२९०/-

राजश्व छली नियन्त्रण

४७ अर्बको आर्थिक अपराध, एक हजारविरुद्ध मुद्दा

नारायण दुङ्गाना / काठमाडौं

समृद्धिको यात्रामा अघि बढेको मुलुकमा पछिल्लो दुई वर्षमा आर्थिक अपराधका ठूलाठूला घटनाको पर्दाफास भएको छ। राजश्व छलीमा संलग्न रहेको कसुरमा प्रतिष्ठित व्यक्तिदेखि बहुर्राष्ट्रिय कम्पनीसमेत कानूनी दायरामा आएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहत आएपछि राजश्व अनुसन्धान विभागले कर छलीको कसुरमा ४७ अर्ब बिगो बराबरको आर्थिक अपराध गरेको आरोपमा विभिन्न व्यक्ति र कम्पनीविरुद्ध मुद्दा चलाएको छ। विभागका महानिर्देशक दीर्घराज मैनाली भन्छन्, 'उच्च आर्थिक कारोवार हुने जोखिम क्षेत्र पहिचान गरेर अनुसन्धान गर्दा ठूलो आर्थिक अपराध गरेको फेला पारेका छौं, कतिपय मुद्दाको चरणमा छन् त कतिपयै अनुसन्धान कै घेरामा छन्।' अर्थमन्त्रालय मातहतमा रहेको विभाग विसं २०७४ फागुन १३ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमातहत आएको थियो।

विभागले पूर्ण रुपमा काम थालेको भने २०७५ साउनबाट हो। उनी बहुर्राष्ट्रिय कम्पनीलेसमेत राजश्व छली गरेको पाइएकाले आर्थिक अपराध विरुद्ध उपलब्धि काम भएको मान्नुपर्ने बताउँछन्। कैफियत गर्ने कुनै न कुनै दिन अनुसन्धानको दायरामा आउने मैनालीको विश्वास छ। विभागले बाटोमा भेटिएको अपरिचितको नागरिकता प्रयोग गरी नक्कली कम्पनी खडा गर्ने, सरकारी कागजात र नक्कली बिल बिजक छाप्नेजस्ता गम्भीर प्रकृतिका आर्थिक अपराधविरुद्ध कारवाही गरिरहेको छ।

मूल्य अभिवृद्धि कर (भ्याट) बिल/प्यान बिल, नक्कली बिजक बिक्री र खरीद गर्ने, नक्कली कारोवार गर्ने, अर्कैको नागरिकता प्रयोग गरी कम्पनी खडा गरेर कीर्ते गर्ने, वैदेशिक रोजगारीमा कर छली गर्ने, हुण्डीमार्फत अवैधरूपमा अन्तरदेशीय कारोवार गर्ने, विदेशी मुद्रा अपचलन गर्ने गिरोह पनि मुद्दा खेपिरहेका छन्।

झुट्टा तथा नक्कली बिजक प्रयोग सर्लाहीको बलरा नगरपालिका- ७ का सुबोध शाहसहित १० र मतियार भनिएका अन्य तीन गरी १३ व्यक्तिविरुद्ध गएको माघमा झण्डै एक अर्बको राजश्व छली कसुरमा मुद्दा चलाएको छ। विभागले गरेको अनुसन्धानमा उनीहरूले विभिन्न ११ वटा फर्मको बैंक खाता सञ्चान गरी राजश्व छली गरेका फेला पारेको थियो। उनीहरूले वस्तु तथा सेवा खरीद नै नगरी झुट्ठा तथा नक्कली मूल्य अभिवृद्धि करको बिजक मात्र किनेका थिए। त्यसबाट मूल्य अभिवृद्धि कर र आयकर छली गरेका विभागको आरोप छ।

अघिल्लो वर्ष नेपालमा पेप्सी उत्पादन गर्ने प्रतिष्ठित कम्पनी वरुण बेभरेजले नक्कली बिलको कारोवार गर्नेसँग मिलेमतो गरेको भनेर राजश्व अनुसन्धान विभागमा विशेष सूचना आयो। विभागले गरेको लामो अनुसन्धानले प्राप्त सूचना सही भएको ठहर गर्दै अघिल्लो वर्षको पुसमा अदालतमा उक्त कसुरमा वेभरेजविरुद्ध मुद्दा चलाएको छ।

विभागले दायर गरेको अभियोगपत्रमा बरुणले रु ६४ करोड ९६ लाख कर छली गरेकाले बिगो असुल गरी त्यसको दोब्बर जरिवाना र तीन वर्षको कैदको मागदाबी गरेको छ। हिसाब गर्दा झण्डै रु दुई अर्ब हुन आउँछ। उक्त मुद्दामा सञ्चालक अमित गुप्तासहित सात जना प्रतिवादी छन्।

विराटनगर महानगरपालिका- ९ स्थित बाबा फ्लोर मिल र गोपाल फ्लोर मिलका मुख्य कारोवारी सुरेशकुमार राठीसहित तीन जनको मिलेमतोमा रु १५ करोड ३६ लाख राजश्व छली गरेको आरोपमा यही फागुन १६ गते उच्च अदालत पाटनमा मुद्दा चलाइएको छ। उनीहरूले आम्दानीभन्दा घटी बिक्री देखाइ मूल्य अभिवृद्धिकर, लाभांश कर तथा आयकरसमेत छलेको पाइएको छ। मजदूरलाई प्रलोभनमा पारी २४ फम खडा गरेर झुट्टा तथा नक्कली बिजक बिक्री गरी राजश्व छली गरेको आरोपमा जयकिशोर साह र परमेश्वर साहमाथि पनि रु एक अर्ब ७५ करोड बिगो कायम गरी अघिल्लो पुस १९ मै मुद्दा दर्ता गरिएको थियो।

आर्थिक अपराध कसुरका यी त प्रतिनिधि घटना हुन्। पछिल्लो दुवै वर्षको अवधिमा विभागले विदेशी विनिमय अपचलनबाहेक आर्थिक अपराधका २२१ मुद्दा दर्ता गरेको छ। जसमा ११ सरकारी कर्मचारीसहित ७७९ जना विरुद्ध मुद्दा छ। उनीहरूमाथि रु ३६ अर्ब ३५ करोड ३५ लाख बिगो बराबरको आर्थिक अपराध गरेको आरोप छ। जसमा झुटा तथा नक्कली बिजक जारी गरी राजश्व छली गर्ने १२६ फर्मलाई रु १० अर्ब ६२ करोडको बिगो कायम गरी मुद्दा चलाइएको छ। यस्तै नक्कली बिजक खरीद गर्ने ५२ फर्मसमेत परेका छन्। ती फम विरुद्ध चार अर्ब ६१ करोडको आर्थिक अपराध गरेको आरोप छ।

सूचनालाई भरपर्दो बनाइ बिल बिजकलाई प्रभावकारी बनाउन सफ्टवेर विकास गरेर काम अगाडि बढाएकाले पनि विभागलाई सफलता मिलेको हो। विभागको सक्रियताले राजश्व चुहावट नियन्त्र र स्वेच्छिक कर सहभागिता अभिवृद्धिमा भएको मैनाली दाबी गर्छन्।

विदेशी विनिमय अपचलन गर्ने ४४० विरुद्ध मुद्दा

विभागका अनुसार विदेशी विनिमय अपचलन गर्ने समेत धमाधम कारावाहीको दायरामा आएका छन्। हालसम्म ४४० जनालाई प्रतिवादी बनाइ मुद्दा चलाइएको र उनीहरूले रु १० अर्ब ७२ करोड ६९ लाख बिगो बराबरको आर्थिक अपराध गरेको विभागको आरोप छ।

उनीहरूमाथि बिगोको तेब्बर जरिवाना र तीन वर्षकै कैद सजाय माग गरी अदालतमा मुद्दा चलाइएको छ। यसबाट राजश्व परिचालन र विप्रेषण आयमा सकारात्मक प्रभाव परेको विभागको भनाइ छ।

अहिले विभागले सूचना प्रणालीलाई व्यवस्थित गर्दै सामान ओसारपसारमासमेत उक्त प्रणालीमा प्रविष्ट गराएर मात्रै ढुवानी गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ। जसले भन्सार छलेर आयात निर्यात भएका चीन वस्तुको निगरानी गर्न समेत सहज भएको छ। *रासस*

अवलोकनमा ओली

सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको आठौँ राष्ट्रिय परिषद्को मङ्गलबार काठमाडौँमा उद्घाटन समारोहमा उपभोक्ता समूहले निर्माण गरेर प्रदर्शनीमा राखिएका सामाग्रीको अवलोकन गर्दै प्रधानमन्त्री केपी शर्मा ओली। तस्वीर : रोशन सापकोटा, रासस

पर्यटक आगमनमा झिनो सुधार

सिबी अधिकारी / काठमाडौं

सन् २०२१ को फेब्रुअरीमा विदेशी पर्यटकको आगमनमा झिनो सुधार भएको छ। पछिल्लो पर्यटक आगमन दर हेर्दा कोभिड-१९ महामारीकैबीच विस्तारै विदेशी पर्यटक सङ्ख्या बढेको देखिन्छ।

सन् २०२१ को पहिलो दुई महिनामा कूल १८ हजार २० विदेशी पर्यटक नेपाल आएका छन्। अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले जनाएअनुसार जनवरीमा आठ हजार ८४७ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक नेपाल आएका हुन्। बोर्डका प्रवक्ता मणि लामिछानेले पछिल्ला महिना पर्यटक आवागमन सुधारात्मक रहेको बताए। कोभिडपछिको पर्यटक आवागमन दरलाई तुलना गर्दा क्रमशः सुधारोन्मुख छ।

उनका अनुसार कोभिडपछिको पर्यटक आगमनदर हेर्दा गत नोभेम्बरमा एक हजार ९५६ र डिसेम्बरमा चार हजार २४५ पर्यटक आएका छन्। यो वर्षको जनवरीमा आठ हजार ८७४ र फेब्रुअरीमा नौ हजार १४६ पर्यटक आएका छन्। यो हवाई मार्ग भएर आउने विदेशी पर्यटकको सङ्ख्या हो।

फेब्रुअरी महिनामा सबैभन्दा बढी भारतबाट चार हजार ७६३ पर्यटक नेपाल आएका छन्। सन् २०२० को फेब्रुअरी महिनामा भारतबाट १४ हजार ८४० पर्यटक आएका थिए। जुन अघिल्लो वर्षको तुलनामा ६७ दशमल नौ प्रतिशत कमी हो। उक्त अवधिमा चीनबाट मात्र ७०८ पर्यटक नेपाल आएका छन्। यो सङ्ख्या अघिल्लो वर्षको तुलनामा ७७ दशमलव नौ प्रतिशतले कमी हो।

सन् २०२० को फेब्रुअरीमा तीन हजार २०७ पर्यटक नेपाल आएका थिए। अमेरिकाबाट ५०२ र जर्मनीबाट १२६ पर्यटक आएका छन्। कोभिड महामारी जारी रहेपनि नेपालमा कोभिड विरुद्धको खोप लगाउन शुरु भइसकेको र कोभिडका सङ्क्रमितको सङ्ख्या पनि दिनानुदिन घटिरहेकाले पर्यटक आवागमन वृद्धि हुने व्यवसायीको अपेक्षा छ।

सरकारले अघिल्लो वर्षको नोभेम्बर १७ तारिखदेखि नेपालमा विदेशी पर्यटक आवागमन खुल्ला गरेको थियो। कोभिड नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीको करीब आठ महिनापछि नेपालको पर्वतारोहण र पदयात्रा नियमित भएको थियो।

विदेशी पर्यटकलाई होटल क्वारेन्टिन बस्नुपर्ने बाध्यताका कारण पनि विदेशी कम सङ्ख्यामा आएको व्यवसायीको बुझाइ छ। अनअराइभल भिसाको व्यवस्था गरी क्वारेन्टिनको बाध्यता हटाएको खण्डमा विदेशी पर्यटक बढ्ने सरोकारवालाको बुझाइ छ। नेपालको पर्यटनको मुख्य मौसम मार्च, अप्रिल र मे हो। यो अवधिमा पर्वतारोहण तथा पदयात्राका लागि उल्लेख्य सङ्ख्यामा विदेशी नेपाल आउँछन्।

क्वारेन्टिन र अनअराइभल भिसा नभएका कारण आउन चाहने विदेशी पर्यटक पनि आउन नसकेको पर्यटन बोर्ड तथा निजी क्षेत्रका अगुवा संस्थाको बुझाइ छ। नेपाल पर्वतारोहण सङ्घ, होटल एशोसिएशन अफ नेपाल (हान), ट्रेकिङ एजेन्सिज एशोसिएशन अफ नेपाल (टान), नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)लगायत पर्यटन क्षेत्रका अगुवासंस्थाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पर्यटन विभाग, बोर्डलगायतको ध्यानाकर्षण गराउँदै आएका छन्।

व्यवसायीले होटल क्वारेन्टिन हटाएर अनअराइभल भिसाको व्यवस्था गर्न माग गरेका छन्। पर्यटकका लागि व्यवस्था गरिएको स्वास्थ्य मापदण्डले मुख्य पर्यटकीय मौसममा पनि विदेशी पर्यटक नआउने हुन्की भन्नेमा व्यवसायी चिन्तित छन्। पर्यटन व्यवसायी राजेन्द्रप्रसाद सापकोटाले विदेशी पर्यटकका लागि हालको व्यवस्थामा सुधार गरेको खण्डमा आगामी दिनमा पर्यटक बढ्ने बताए। पिसीआर नेगेटिभ लिएर आउने पर्यटकलाई नेपालमा निर्वाध रुपमा घुम्न दिने वातावरण बनाइनुपर्नेमा उनले जोड दिए।

पर्यटन व्यवसायी राजन सिङ्खडा पनि कोभिडको खोप लगाएर आउने पर्यटकलाई क्वारेन्टिन नबस्नुपर्ने व्यवस्था गरिए पर्यटक आगमन सहज हुने बताउँछन्। अहिले पर्यटकका लागि रहेको स्वास्थ्य मापदण्ड खुकुलो नबनाइए आउने मौसममा पनि पर्यटक भित्रचाउन कठिन हुने उनको तर्क छ।

हानका प्रथम उपाध्यक्ष विनायक शाहले विदेशी पर्यटकका लागि कायम गरिएको विद्यमान स्वास्थ्य मापदण्डलाई परिमार्जन गरी आगमन सहज तुल्याउनसके पर्यटक बढ्ने विश्वास व्यक्त गरे। हालकै अवस्थामा पनि विदेशी पर्यटक क्रमशः बढ्नुले नेपालको पर्यटन विस्तारै लयमा फर्किने अवस्थामा छ।

तथापि पूर्वाधार विकास, सेवा स्तरीकरण र प्रवर्द्धनका कामलाई अझ प्रभावकारी बनाइनु जरुरी छ। पर्यटन प्रवर्द्धनका लागि बोर्डले पनि अहिले विभिन्न माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा पर्यटन प्रवर्द्धन कार्यलाई तीव्रता दिएको छ।

सौर्य प्लान्टबाट १० मेगावाट विद्युत् केन्द्रीय प्रसारणमा

रामहरि न्यौपाने / त्रिशूली

नुवाकोटमा निर्माण भइरहेको २५ मेगावाट क्षमताको मुलककै ठूलो सौर्य प्लान्टबाट १० मेगावाट विद्युत् उत्पादन थालिएको छ। परीक्षणका रूपमा गत जेठमा १.२५ मेगावाट विद्युत् उत्पादन भएकामा अहिले थप ८.७५ मेगावाट विद्युत् उत्पादन थालिएको आयोजना प्रमुख विकास रघुवंशीले जानकारी दिए। आयोजनाको पछिल्लो प्रगति बुझ्न सोमबार स्थलगत अवलोकनमा आउनुभएका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हाल आयोजनाबाट १० मेगावाट विद्युत् उत्पादन गरेर केन्द्रीय प्रसारण प्रणालीमा जडान शुरु गरेको र उक्त परीक्षण सफल भइरहेको जानकारी आयोजना प्रमुख रघुवंशीले गराए।

आयोजनामा रहेका सातवटा ब्लकमध्ये स्टाफ क्वार्टर (विद्युत् प्राधिकरणमार्फत सञ्चालित बोर्डिङ स्कूल रहेको स्थान) र फोर-वे (नेपाली सेनाको ब्यारेक पछाडिको चौर)मा जडान गरिएको सौर्य प्यानलमार्फत १० मेगावाट विद्युत् उत्पादन थालिएको छ। उक्त विद्युत् देवीघाट जलविद्युत केन्द्रको प्रसारण प्रणालीमार्फत सिधै राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

आयोजनाले २५ मेगावाट विद्युत् उत्पादनका लागि देवीघाट जलविद्युत् केन्द्रको विभिन्न सात स्थानको खाली जग्गा उपयोगमा ल्याउने क्रममा अबको केही दिनमा थप पाँच मेगावाट विद्युत् उत्पादन गर्ने तयारी अन्तिम चरणमा पुर्याएको जनाएको छ। थप विद्युत् उत्पादनका लागि विदुर नगरपालिका-६ र १२ नं मा पर्ने रातमाटे, केराघारी, हेलिप्याड र कफीघारीको स्थान नं १ र स्थान नं २ गरेर थप पाँच स्थानमा अहिले जग्गा सम्याउनेदेखि प्यानल जडानको काम भइरहेको छ।

त्यसअन्तर्गत रातमाटे, केराघारी र हेलिप्याड क्षेत्रको काम अन्तिम चरणमा पुर्याइएको एक महिनाभित्रै पाँच मेगावाट विद्युत् थप हुने देखिएको छ। उक्त थप विद्युत् चाँडो गरेर राष्ट्रिय प्रसारण प्रणालीमा जडान गर्न प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले निर्देशन दिए। 'यो वर्ष हिउँदमा वर्षा नहुँदा नदी तथा खोलामा पानीको बहाव निकै कम भएको छ। यसले विद्युत् सङ्कट बढाउन सक्ने देखिन्छ', उनले भने, 'अभाव पूरा गर्नका लागि वैकल्पिक योजनाका रूपमा रहेको सौर्य प्लान्ट जतिसक्दो चाँडो सञ्चालन गर्नतर्फ लाग्नुपर्छ।'

दुई चरणअन्तर्गत थप छ महिनाभित्र आयोजना पूरा गरेर विद्युत् उत्पादन शुरु गर्ने लक्ष्य भएकाले त्यसलाई पूरा गर्न सकिने आयोजना प्रमुख रघुवंशीले प्रतिवद्धता जनाए। नेपालकै ठूलो सौर्य प्लान्टका रूपमा निर्माण भइरहेको 'ग्रिड सोलार आयोजना' नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा निर्माण थालिएको हो।

विश्व बैंकको ग्रिड सोलार तथा ऊर्जा दक्षता परियोजनामार्फत सहुलियतपूर्ण ऋण सहयोगमा थालिएको आयोजनाको निर्माण चिनियाँ कम्पनी 'राइजन इनर्जी' मार्फत काम भइरहेको छ। करिब रु तीन अर्ब ८० करोड लाग्ने प्रक्षेपण गरिएकाले यस आयोजना विद्युत् उत्पादनका लागि महङ्गो भए पनि विद्युत् उत्पादनको वैकल्पिक स्रोत र नमूनाका रूपमा लिइएको प्राधिकरणले जनाएको छ।

खेर जाँदै आएको सौर्य ऊर्जा सङ्कलन गरेर प्राधिकरणको प्रयोगविहीन (खाली रहेको) जग्गामा सञ्चालन हुने आयोजनाको लगानी, प्रयोग र विद्युत् उत्पादनमा देशकै 'नमूना'का रूपमा लिइएकाले यसलाई नाफा नोक्सानको रूपमा लिन नहुने प्राधिकरणले जनाएको छ। प्राविधिकहरूका अनुसार आयोजनाबाट २५ मेगावाट विद्युत् भए पनि डिसी (डाइरेक्ट करेन्ट) बाट एसी (अल्टरनेट करेन्ट)मा रूपान्तरण गर्दा प्रयोगयुक्त विद्युत् करिब २२ मेगावाट हुने देखिन्छ।

सौर्य प्लान्टको डिजाइन, आपूर्ति, निर्माण, सञ्चालन र मर्मतसम्भारको सम्पूर्ण काम निर्माण व्यवसायीले पाँच वर्षसम्म गर्ने सम्झौता उल्लेख भएअनुसार आयोजनाको हस्तान्तरण त्यसपछि मात्र नेपाल विद्युत् प्राधिरकणलाई हुनेछ। प्लान्टबाट उत्पादित विद्युत् हाल देवीघाट जलविद्युत् केन्द्रमार्फत उत्पादन भएको विद्युत् केन्द्रीय प्रसारण प्रणालीमा जोडिएको प्रसारण लाइनबाटै पठाइएको छ।

सौर्य प्लान्ट आयोजनाको आफ्नै ६६ केभी क्षमताको सबस्टेशन निर्माणको प्रक्रियामा छ। सौर्य प्लान्ट सञ्चालनमा आएपछि राष्ट्रिय प्रसारणमा वार्षिक रु तीन करोड ३० लाख युनिट विद्युत् थप हुने प्राधिकरणको अनुमानित लक्ष्य छ।

संघका अध्यक्षमा शिवाकोटी

टुडे एक्सप्रेस / झापा

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्षमा प्रकाश शिवाकोटी निर्वाचित भएका छन्। सोमवार प्राप्त मत परिणामअनुसार लोकतान्त्रिक प्यानलका उम्मेदवार शिवाकोटीले दुई हजार १३९ मत ल्याई प्रतिस्पर्धी संयुक्त व्यावसायिक प्यानलका अध्यक्ष सुवास भट्टराईलाई पराजित गर्दै विजयी भएका हुन्।

यसैगरी, वरिष्ठ उपाध्यक्षमा लोकतान्त्रिक प्यानलका राजु न्यौपाने, उद्योग उपाध्यक्षमा सञ्जीव घिमिरे र वाणिज्य उपाध्यक्षमा राजकुमार घिमिरे विजयी भएका छन्। महासचिवमा संयुक्त प्यानलका अर्जुनकुमार मैनाली, उद्योग सचिवमा कुशल खतिवडा, वाणिज्य सचिवमा संयुक्त प्यानलका कृष्ण पौडेल, कोषाध्यक्षमा दीपेन्द्र राउत विजयी भएको निर्वाचन समितिका सदस्य केशवकुमार भट्टराईले जानकारी दिए।

महिलातर्फको आरक्षित सहकोषाध्यक्षमा राधिका चुडाल हुमागाईं र सदस्यहरूमा गुञ्जन प्रसाईं २००८, गौरीशङ्कर गुप्ता (टिङ्कु), जीवनकुमार खड्का, दीपक मित्तल, पुकार बराल, बलराम सिटौला (राम), विशाल थापा विजयी भएका छन्। सङ्घको निर्वाचन यही फागुन १६ गते भएको थियो।

बटेश्वर घुसकाण्ड

घुस रकम फालेर अध्यक्ष फरार, चालक पक्राउ

कारबाहीको माग राख्दै स्थानीयले लगाए कार्यालयमा ताला

टुडे एक्सप्रेस / जनकपुरधाम

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको केन्द्रीय टोलीले धनुषाको बटेश्वर गाउँपालिकाका अध्यक्षक डम्बरबहादुर राउतले बाटोमा फालेको ८ लाख रुपैया बरामद गरेको छ।

अख्तियारको टोली आएको थाहा पाएपछि अध्यक्ष राउत घुस लिएको रकम फालेर भागेका थिए। फालेको रकम ८ लाख रुपैया रहेको अख्तियारले जनाएको छ। घटना सोमवार साँझको हो। अख्तियारको टोलीले भने अध्यक्ष चढ्ने गाडी र चालकलाई नियन्त्रणमा लिएको छ।

अख्तियारका प्रवक्ता नारायणप्रसाद रिसालले गाउँपालका अध्यक्षको प्र-२-०२-००१ झ ०००२ नम्बरको सरकारी नम्बर प्लेटको गाडी र चालकलाई नियन्त्रणमा लिएको जानकारी दिए। विकास निर्माणका योजनाहरूको कामको भुक्तानी दिन अध्यक्ष राउतले ८ लाख

रुपैयाँ कमिसनको रुपमा लिएको थियो- अख्तियारको दावी छ।

फरार भएका अध्यक्ष राउत मंगलवार कार्यालय समेत नआएको बताइएको छ। उनी मोवाइल समेत अफ गरेर सम्पर्क विहिन भएका हुन्। उनी फेला नपरेपछि मुद्दा चलाउने अख्तियारका एक अधिकारीले जनाए। मुद्दा दर्ता भएपछि उनी स्वत: निलम्बन हुनेछन्।

घटनापछि स्थानीयले गाउँपालिका कार्यालयमा तालाबन्दी गर्दै अध्यक्ष राउतमाथि कारवाही गर्न माग गरेका छन्। विभिन्न मागसहित स्थानीयले मंगलवार गाउँपालिका कार्यालयमा धर्नामा समेत बसे।

नेकपा प्रचण्ड-माधव समूह, नेपाली कांग्रेस, जनता समाजवादी पार्टी लगायत नागरिक समाज र गाउँबासी गाउँपालिका कार्यालय अध्यक्षको कार्यकक्ष, योजना, प्रशासन, लेखालगायत शाखा तथा मूलगेटमै तालाबन्दी गरेको छ। गाउँपालिकाको भित्ता र ढोकामा ८ लाख घुस लिने घुसखोरी राउत मुर्दावाद, सम्पूर्ण विकासे योजना सार्वजनिक गर, भ्रष्टाचारी गाउँपालिका अध्यक्ष राउतलाई कारवाही गर लगायतको नारासमेत कागजमा लेखेर स्थानीयले टाँसेका छन्।

आजबाट 'जनकपुर साहित्य महोत्सव'

टुडे एक्सप्रेस / जनकपुरधाम

नव मिथिला फाउन्डेसनको आयोजनामा आजबाट जनकपुरधाममा चार दिवसीय 'जनकपुर साहित्य महोत्सव'को दोश्रो संस्करण हुने भएको छ। मंगलवार आयोजक संस्थाले पत्रकार सम्मेलन गरी महोत्सवबारे जानकारी गराएको हो।

महोत्सवको समुद्घाटन पूर्व राष्ट्रपति डा. रामवरण यादवले गर्नेछन्। यस्तै विशेष अतिथि प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउत र प्रमुख वक्ता उद्योगपति विनोद चौधरी रहने बताइएको छ। महोत्सवको व्यवस्थापनका लागि कान्तिपुर टिभीका समाचार सम्पादक दिलभुषण पाठकलाई जिम्मेदवारी तोकिएको छ।

महोत्सवमा साहित्य, संगीत, सिनेमा, संस्कृति, सभ्यता, राजनीतिलगायतका विषयमाथि चर्चा गरिने छ। जनकपुर क्षेत्रको उत्थान, साहित्य, सभ्यता र संस्कृतिको प्रचारका निम्ति यो महोत्सवले दूतको काम गर्ने आयोजक संस्थाको विश्वास छ।

पेट्रोलियम अपचलन

एक हजार ट्याङ्करमाथि कारवाही

टुडे एक्सप्रेस / काठमाडौं

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको अपचलन गरेको पाइएपछि झण्डै एक हजार बढी ढुवानीकर्तालाई कारवाही गरेको छ। निगमसँगको करार सम्झौतामा सञ्चालनमा रहेका ट्रक तथा ट्याङ्करले लकिङ तथा फिटिङमा कैफियत गरेको पाइएपछि पछिल्लो तीन महिनामा उनीहरूलाई कारवाही गरिएको हो।

निगमको १ नं प्रादेशिक कार्यालय विराटनगरले तोकिएको मापदण्डभन्दा बढी क्षति गर्ने ५३ ट्रक तथा ट्याङ्करलाई कारवाही गरेको छ। लकिङ तथा फिटिङ चेक गर्दा गलत ढङ्गले पाइपलाइन ट्याङ्कीमा जडान गरिएको पाइएपछि उक्त ट्रकलाई प्रहरी हिरासतमा राखी कारवाही अगाडि बढाइएको १ नं प्रादेशिक कार्यालयले जनाएको छ। ट्याङ्कीको ताला काटिएको अवस्थामा फेला परेका ती ट्याङ्करलाई तीन महिनाका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा रोक लगाइएको छ।

यस्तै पछिल्लो तीन महिनामा २ नं प्रादेशिक कार्यालयले पनि १५० वटा ट्रक तथा ट्याङ्करलाई कारवाही गरेको जनाएको छ। कार्यालयका अनुसार उनीहरूलाई १५ दिनसम्मका लागि ढुवानीमा निलम्बन गरिएको छ। निगमकै इतिहासमा यो सबैभन्दा ठूलो कारवाही भएको बताइएको छ।

कार्यालयले पाँच चालक/सहचालकलाई कालोबजारी मुद्दा दायर गरी आजीवन निगमको कुनै पनि डिपोमा प्रवेश गर्न नपाउने गरी निषेध गरेको छ। अनुगमनको क्रममा मिसावट र चोरी गरेको भेटिएपछि पाँच ट्याङ्करलाई छ महिनाको लागि ढुवानी गर्न निलम्बन गरिएको छ। निगमले पछिल्लो तीन महिनामा अनियमितता गर्ने ३०० ट्याङ्कर तथा ट्रकलाई कारवाही गरेको छ। निगमले जरिवानाबापत ती ट्रक तथा ट्याङ्करबाट १० हजार सङ्कलन गरेको छ।

महाप्रबन्धक सुरेन्द्रकुमार पौडेलले निगम सुधारको रणनीति योजनाअन्तर्गत रहेर कालोबजारीमाथि कारवाहीको प्रक्रिया अगाडि बढाइएको बताए। 'निगमको कदमले गैरकानूनी काम गर्ने निरुत्साहित हुनेछन्, यो निगमकै इतिहासमा एक महत्वपूर्ण कारवाही हो', उनले भने। अनियमित गर्ने ट्याङ्करमाथि कारवाही गरेसँगै पेट्रोलियम पदार्थको चोरी र मिसावट नियन्त्रणमा आउने निगमले जनाएको छ।

खानेपानी तथा स्वच्छता विषयमा शिक्षकलाई तालिम

टुडे एक्सप्रेस / जनकपुरधाम

'वाश इन स्कुल' अर्थात विद्यालयको खानेपानी तथा स्वच्छता र सरसफाई सम्बन्धमा शिक्षकहरूलाई तीन दिवसीय तालिम प्रदान दिइएको छ। युनिसेफको आर्थिक सहयोग र महोत्तरीको मठिहानी नगरपालिका तथा महोत्तरी गाँउपालिकाको समेत १० प्रतिशत आर्थिक सहयोगमा जिल्लाका २० सामुदायिक विद्यालयका २० शिक्षकसहित २२ शिक्षकलाई तालिम दिइएको छ।

मठिहानी तथा महोतरी पालिकाको शिक्षा शाखाका दुईजना शिक्षक री २२ जनालाई दिइएको

तालिममा बिद्यालयमा सरसफाईमा सबैको पहुँच जस्तै बालमैत्री, अपाङ्ग मैत्री तथा महिला मैत्री सरसफाईको वातावरण कसरी निर्माण गर्न सकिन्छ भन्ने विषयमा प्रशिक्षण दिइएको छ। प्रदेश २ को ८० प्रतिशत विद्यालयहरूमा सरसफाईका खानेपानी तथा शौचालय सहितको भौतीक संरचना भएपनि २० प्रतिशत विद्यालयमा मात्र पुर्ण रुपमा प्रयोगमा रहेकाले महोतरीमा रतौली युवा क्लवको सहजीकरणमा बिद्यालयमा पहुँचयुक्त परिक्षण गरेर मर्मत सम्भार थालिएको समेत कार्यक्रम संयोजक रुपेश कुमार ठाकुरले बताए।

क्लवका कार्यकारी निर्देशक बैद्यनाथ चौधरीका अनुसार नेपाल सरकारको सचिव स्तरीय निर्णयबाट अनुमोदित विद्यालय खानेपानी तगा सरसफाई कार्यविधी अनुरुप स्टार एप्रोच (तारा पद्धती) अनुसार विद्यालयलाई बर्गिकरण गर्दै सो स्टार एप्रोच सम्म पुरयाउने लक्ष्यका साथ १० वटा सुचकमा कसरी काम गर्ने विषयमा प्रशिक्षण केन्द्रित थियो। बिद्यालयका वाश फोकल टिचरहरूलाई प्रशिक्षण दिइएको क्लवका कार्यक्रम संयोजक ठाकुरले बताए। बुधवारदेखि विद्यालयका कार्यालय सहयोगीहरू संरचना मर्मत सम्भार विषयमा दुई दिने तालिम प्रदान गरिने समेत बताइएको छ।

सुनको आपूर्ति बढाउन माग

टुडे एक्सप्रेस / काठमाडौं

पछिल्ला दिनमा स्थानीय बजारमा कच्चा सुनको अभाव देखिएपछि तत्काल आपूर्ति बढाउन सुनचाँदी व्यवसायीले सरकारसँग माग गरेका छन्। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष माणिकरत्न शाक्यको नेतृत्वको प्रतिनिधिमण्डलले आज उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका दिनेश भट्टराईसँग भेट गरी कच्चा पदार्थको अभावका कारण बजारमा विकराल समस्या सिर्जना भएकाले तत्काल कोटा वृद्धि गर्न माग गरेको हो। व्यवसायीसँगको भेटमा सचिव भट्टराईले कोटा वृद्धि गरी बजारमा देखिएको अभाव हटाउन आफ्नो तर्फबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गरे।

उनले आपूर्ति कम भएका कारण बजारमा सुनको अभाव देखिएको स्वीकार गर्दै सम्बन्धित निकायसँग आवश्यक परामर्श गरी शीघ्र समस्याको समाधान गरिने बताए। सचिव भट्टराईले आपूर्ति व्यवस्था प्रभावकारी नहुँदा अवैध कारोवार फष्टाउन सक्नेतर्फ पनि सरकार सचेत रहेको उल्लेख गर्दै व्यवसायीका माग शीघ्र सम्बोधन गर्ने प्रतिवद्धता जनाए।

त्यसक्रममा महासङ्घका अध्यक्ष शाक्यले बजारमा कच्चा सुनको चरम अभाव भएको उल्लेख गर्दै तत्काल समस्या समाधान गर्न सचिव भट्टराईसँग आग्रह गरे। अहिले बजारमा दैनिक २५ देखि ३० किलोसम्म सुनको माग रहेकाले तत्कालका लागि सोही परिमाणमा सुन उपलब्ध गराउनुपर्ने आवश्यकता उहाँले औंल्याए।

आवश्यकतानुसार कच्चा सुन सहजरुपमा उपलब्ध नहुँदा बजारमा अवैध सुन भित्रिन सक्ने र त्यसबाट सरकारी राजस्वसमेत गुम्ने खतरा रहेको उनले स्मरण पनि गराए।

पछिल्लो समय दैनिक १० किलो सुन आयात हुँदै आएको छ। लकडाउन अघि सामान्य समयमा दैनिक २० किलो र लगनको समयमा दैनिक २५ किलो सुन आयात हुने गरेको थियो।

पृष्ठ १ बाट क्रमश...

३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ बमोजिम तत्काल जरिवाना गरिएको निमित्त कार्यालय प्रमुख जीतबहादुर भण्डारीले बताए।

उक्त कार्यालयले सो अवधिमा सप्तरीमा ११, धनुषामा २०, महोत्तरीमा ६, सर्लाहीमा ३, रौतहटमा १७, बारामा ३, पर्सामा ७६, मकवानपुरमा १५ र चितवनमा २७ गरी जम्मा २०५ फर्मको अनुगमन गरी त्यसमध्ये १०५ फर्मलाई जरिवाना गरेको छ।

नेपालभर रहेको वाणिज्य कार्यालयमध्ये सबै भन्दा बढी राजश्व वीरगञ्ज कार्यालयले संकलन गरेको दावी गर्दै सो कार्यालयका सूचना अधिकारी दिलीपखंग खत्वेले भने, 'जरिवाना गरिएका फर्मले सो मितिवाट ७ दिनभित्र कार्यालयमा उपस्थित भई जरिवाना बुझाउनुपर्ने कानूनी प्रावधान रहेको छ।'

प्रधान सम्पादक तथा प्रकाशक : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा कंरिडोर, ललितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर